# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ७६ | काठमाडौं | बुधबार, २४ असार २०८३ | Prabhab National Daily | Wednesday, 8 July 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


# वालेन्द्र कस्ने विधानले रास्वपामा खटपट



- रवि लामिछानेले वालेन्द्रलाई विधानबाटै दिए नियन्त्रणमा राख्न सकिने सन्देश
- विधानअनुसार पार्टीको सम्पूर्ण शक्ति सभापति लामिछानेमा केन्द्रित
- महाधिवेशन सकिएको १० दिनपछिमात्र विधान सार्वजनिक हुँदा रास्वपामा खटपट सुरु
- बन्दसत्रमा प्रस्तुत गरिएको विधान कसैले नपढेको रवि लामिछाने पक्षका नेताहरूको दाबी

“मस्यौदा कसैले पढेनन् । अहिले आएर सार्वजनिक भए पछि विरोध गर्न थाले ।
■ **रवि लामिछाने पक्ष**

विधान छ भनेर देखाए । तर समूहमा छलफलै गरिएन । आधा मिनेटमै विधान पारित भयो ।
■ **वालेन्द्र शाह पक्ष**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले चितवन महाधिवेशनबाट आफू अझ बलियो भएको सन्देश पेस गरेका छन् । संसदीय दलका नेतालाई पार्टी सभापतिले हटाउन सकिने प्रावधान राखेर सभापति लामिछानेले यस्तो आफू थप बलियो भएको सन्देश दिएका हुन् ।

विधानमा थपिएको यो प्रावधानले प्रधानमन्त्री वालेन्द्र शाह समूह सशंकित बनेको छ । 'सभापतिको निर्देशन नमाने संसदीय दलको नेता हटाउने सक्ने' प्रावधान विधानमा थपिएको हो । अहिले पार्टीको सभापति लामिछाने पार्टी सभापति र प्रधानमन्त्री वालेन्द्र संसदीय दलका नेता छन् ।

वालेन्द्रनिकट एक नेताका अनुसार दुईवटा व्यवस्था मस्यौदामा थिएन । महामन्त्रीमा निर्वाचित विपिन आचार्यको संयोजकत्वमा त्यतिबेला विधानको मस्यौदाका तयार पारिएको थियो । बन्दसत्रमा प्रस्तुत गरिएको उक्त मस्यौदामा नयाँ प्रावधान नभएको वालेन्द्रनिकट ती नेताले दाबी गरे । 'बन्दसत्रमा प्रस्तुत गरिएको मस्यौदामा यो व्यवस्था थिएन । पछि थपिएर आएछ,' ती नेताले भने ।

महामन्त्री आचार्य लामिछानेनिकट नेता हुन् । लामिछानेनिकट नेताहरूले भने विधान मस्यौदामा पहिल्यै यो व्यवस्था भएको दाबी गरेका छन् । 'मस्यौदा कसैले पढेनन् । अहिले आएर सार्वजनिक भए पछि विरोध गर्न थाले,' लामिछानेनिकट ती नेताले भने ।

आचार्य नेतृत्व कार्यदलमा गणेश पराजुली, डा. चन्दा कार्की, प्रकाशचन्द्र परियार र सुशान्त वैदिक सदस्य थिए । आचार्य, पराजुली र कार्की लामिछानेनिकटका हुन् । परियार विवेकशील साझा समूहका हुन् भने वैदिक वालेन्द्रनिकट हुन् ।

क्रमशः पृष्ठ २ मा

नक्कली भुटानी शरणार्थी प्रकरण

# पूर्वउपप्रधानमन्त्री रायमाझीसहित नौ जना मुख्य कसुरदार ठहर

## पूर्वगृहमन्त्री खाँण मतियार, सात जनालाई सफाइ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने संगठित अपराधसम्बन्धी मुद्दामा जिल्ला अदालत काठमाडौंले पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीसहित नौ जनालाई दोषी ठहर गरेको छ । मंगलबार न्यायाधीश तेजबहादुर खड्काको इजलासले मुद्दामा फैसला गर्दै उनीहरूलाई मुख्य कसुरदार ठहर गरेको हो ।

अदालतले पूर्वगृहसचिव टेकनारायण पाण्डे र पूर्वगृहमन्त्रीका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राईलाई मुख्य कसुरदार ठहर गरेको छ । 'नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भनी ठगीको धन्दा चलाउने, चलाइरहेका व्यक्तिहरूलाई प्रत्यक्ष सहयोग पुग्नेगरी नीति निर्माण तहमा रहेर कार्य गर्ने काममा प्रतिवादी टेकनारायण पाण्डे संलग्न रहेको देखिन आयो । यसरी प्रतिवादीहरूमध्ये केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, डा. इन्द्रजित राई, विक्रम भन्ने गोविन्दकुमार चौधरी, आङटावा शेर्पा, टेकनारायण पाण्डे र टोपबहादुर रायमाझीले वादी नेपाल सरकारको अभियोग मागदाबीबमोजिम आरोपित ठगी तथा संगठित अपराधको कसुर गरेको ठहर्छ,' आदेशमा भनिएको छ ।

यस्तै, पूर्वगृहमन्त्री बालकृष्ण खाँण, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, खाँणका स्वकीय सचिव नरेन्द्र केसी र हज समितिका पूर्वअध्यक्ष शमशेर मियाँलाई भने संगठित ठगीको 'मतियार' (सहयोगी) ठहर गरिएको छ ।

यो प्रकरणमा केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, विक्रम भन्ने गोविन्दकुमार चौधरी, आङटावा शेर्पासमेत कसुरदार ठहरिएका छन् । पूर्वगृहमन्त्री खाँण, हरिभक्त महर्जन, निरञ्जन कुमार खरेलले राज्यविरुद्धको कसुरमा मतियारमा दोषी ठहर भएका छन् । 'प्रतिवादीहरू बालकृष्ण खाँणको सम्बन्धमा विचार गरी हेर्दा निज गृहमन्त्री नियुक्त भई मन्त्रिपरिषद्मा भुटानी शरणार्थी समस्या समाधानका लागि प्रस्ताव पेस गर्नेगरी गरेको निर्णयमा 'छुट शरणार्थी दर्ताको विषय उल्लेख नभएको, मिति २०७८ असोज १४ गते प्रतिवादी टेकनारायण पाण्डेले समिति गठन गर्नेगरी गरेको निर्णयमा निज प्रतिवादी बालकृष्ण खाँणको संलग्नता रहेको नदेखिएको तर तत्कालीन गृहसचिव प्रतिवादी टेकनारायण पाण्डे र अर्का प्रतिवादी केशवप्रसाद दुलालबीच भाइबरमा भएको संवादमा प्रतिवादी केशवप्रसाद दुलाललाई मन्त्रीसँग भेट गराउने भनी टेकनारायण पाण्डेले भनेको, मन्त्रीको गिफ्ट तथा मन्त्रीको सामान ल्याउन भनी टेकनारायण पाण्डेले भनेको तर निजले रकम लिए खाएको भन्ने प्रत्यक्ष प्रमाण रहेको नदेखिए पनि प्रतिवादी आङटावा शेर्पाले गरेको घटना विवरण कागजमा निज बालकृष्ण खाँणका स्वकीय सचिवमार्फत केही रकम फिर्ता गरेको भन्ने उल्लेख गरेको देखिँदा निज प्रतिवादी बालकृष्ण खाँण अनुचित प्रभावमा परी प्रतिवादी टेकनारायण पाण्डेले पेस गरेको समितिको म्याद थप तथा समितिको कार्यदेश थप गर्ने निर्णयमा समावेश भएको भन्ने अवस्था देखिँदा प्रतिवादी बालकृष्ण खाँण आरोपित ठगी तथा संगठित अपराधको कसुरमा मतियार रहेको ठहर्छ,' आदेशमा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा


टोपबहादुर रायमाझी


बालकृष्ण खाँण


टेकनारायण पाण्डे


इन्द्रजित राई


टेकनाथ रिजाल


केशवप्रसाद दुलाल

### सरकारी किर्तेमा दोषी ठहर
केशवप्रसाद दुलाल, सानु भण्डारी र टेकनाथ रिजाल

### राज्यविरुद्धको कसुर र एकीकृत कसुर
केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, डा. इन्द्रजित राई, विक्रम भन्ने गोविन्दकुमार चौधरी, आङटावा शेर्पा, टेकनारायण पाण्डे, टोपबहादुर रायमाझी, बालकृष्ण खाँण, टेकनाथ रिजाल, नरेन्द्र केसी, शमशेर मिया, हरिभक्त महर्जन, निरञ्जनकुमार खरेल

### ठगी र संगठित अपराध
केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, डा. इन्द्रजित राई, विक्रम भन्ने गोविन्दकुमार चौधरी, आङटावा शेर्पा, टेकनारायण पाण्डे, टोपबहादुर रायमाझी, टेकनाथ रिजाल, नरेन्द्र केसी, शमशेर मिया, हरिभक्त महर्जन, निरञ्जनकुमार खरेल

**सन्दर्भः वैदेशिक रोजगार**

# आप्रवासी श्रमिकको मासिक आम्दानी औसत ५४ हजार

- पुरूषको मासिक आम्दानी महिलाकोभन्दा बढी
- पुरूषको औसत आम्दानी ५४ हजार ७२१, महिलाको औसत ४८ हजार ६४७ रूपैयाँ
- सबैभन्दा बढी आम्दानी मलेसियामा औसत ५७ हजार ६९६ रूपैयाँ, सबैभन्दा कम भारतमा औसत २६ हजार रूपैयाँ
- सेवा क्षेत्रमा जाने तथा उच्च सीपयुक्त श्रमिकको आम्दानी सबैभन्दा बढी
- शून्य लागतमा वैदेशिक रोजगारीमा गएका श्रमिक ३४.७ प्रतिशत




- रु. २०,००० भन्दा कम
- रु. २०,००१ देखि रु. ४०,०००
- रु. ४०,००१ देखि रु. ६०,०००
- रु. ६०,००० भन्दा माथि




“क्षेत्रगत रूपमा हेर्दा सेवा क्षेत्रमा सबैभन्दा बढी मासिक औसत ६५ हजार ३४५ रूपैयाँ आम्दानी छ, उद्योगमा औसत ४६ हजार १८२ रूपैयाँ र कृषिमा औसत ३४ हजार ५२८ रूपैयाँ रहेको छ ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूले मासिक ५४ हजार ४०३ रूपैयाँ आम्दानी गर्ने गरेको पाइएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले मंगलबार सार्वजनिक गरेको 'श्रम आप्रवासी भर्ना लागत सर्वेक्षण-२०२३' प्रतिवेदनले उक्त तथ्यांक देखाएको हो ।

कार्यालयले अन्तर्राष्ट्रिय श्रम संगठनको प्राविधिक सहयोगमा नेपालमा पहिलोपटक श्रम आप्रवासी भर्ना लागत सर्वेक्षण सञ्चालन गरेको जनाएको छ । उक्त सर्वेक्षण प्रतिवेदनमा नेपाली अन्तर्राष्ट्रिय आप्रवासी तथा आप्रवासी श्रमिकहरूले वहन गरेको भर्ना शुल्क तथा अन्य लागत र मासिक आम्दानीको विश्लेषण गरिएको कार्यालयको भनाइ छ ।

'नेपाल फर्किएका आप्रवासी श्रमिकहरूको औसत मासिक आम्दानी ५४ हजार ४०३ रूपैयाँ रहेको छ । यसले उच्च मासिक आम्दानी भएका आप्रवासी श्रमिकको संख्या कम भएका कारण औसत अंक बढी भएको संकेत गर्दछ,' प्रतिवेदनमा उल्लेख छ ।

नेपाल फर्किएका आप्रवासी श्रमिक पुरुषहरूको मासिक आम्दानी महिलाको भन्दा केही बढी रहेको प्रतिवेदनमा देखिन्छ । पुरुषको औसत आम्दानी ५४ हजार ७२१ रूपैयाँ हुँदा महिला श्रमिकले औसत ४८ हजार ६४७ रूपैयाँ आम्दानी गर्ने गरेको अध्ययनले देखाएको छ । यो तथ्यांकले आप्रवासी श्रमिकहरूको मासिक आय असमानता बढी रहेको पाइएको प्रतिवेदनमा औंल्याइएको छ ।

### कुन मुलुकमा बढी आम्दानी ?

गन्तव्य मुलुकका आधारमा आप्रवासी श्रमिकहरूको मासिक आम्दानी मलेसियामा सबैभन्दा उच्च पाइएको प्रतिवेदनमा उल्लेख छ । मलेसियामा औसत आम्दानी ५७ हजार ६९६ रूपैयाँ रहेको अध्ययनले देखाएको हो । मलेसियापछि कतार र संयुक्त अरब इमिरेट्स (युएई)मा जाने श्रमिकले मासिक करिब ५५ हजार रूपैयाँ आम्दानी गर्ने गरेको प्रतिवेदनमा उल्लेख छ । सबैभन्दा कम भारतमा औसत २६ हजार रूपैयाँ आम्दानी गर्ने गरेको पाइएको छ ।

प्रतिवेदनअनुसार सेवा क्षेत्रमा जाने तथा उच्च सीपयुक्त श्रमिकको आम्दानी सबैभन्दा बढी रहेको पाइएको छ । 'क्षेत्रगत रूपमा हेर्दा सेवा क्षेत्रमा सबैभन्दा बढी मासिक औसत ६५ हजार ३४५ रूपैयाँ आम्दानी छ, उद्योगमा औसत ४६ हजार १८२ रूपैयाँ र कृषिमा औसत ३४ हजार ५२८ रूपैयाँ रहेको छ,' प्रतिवेदनमा उल्लेख छ, 'आप्रवासी श्रमिकहरूको मासिक आम्दानी उच्च सीपयुक्त पेसामा सबैभन्दा बढी औसत ६९ हजार ८९१ रूपैयाँ रहेको देखिन्छ । यसले सीप र आम्दानीबीचको सम्बन्धलाई पुष्टि गरेको छ ।'

### भर्ना लागत करिब दुई लाख

नेपाली श्रमिकले भर्ना लागतको रूपमा करिब दुई लाख रूपैयाँ खर्च गर्ने गरेको पाइएको छ । यद्यपि, ३४.७ प्रतिशत श्रमिकले भने वैदेशिक रोजगारी प्राप्त गर्न कुनै किसिमको शुल्क वा अन्य लागत तिर्नु नपरेको बताएका छन् ।

'अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक महिलाहरूमध्ये ५४.२ प्रतिशत महिला श्रमिकहरूले कुनै लागत नतिरेको बताएका छन् भने पुरुषहरूमा यो अनुपात ३३.२ प्रतिशत (शून्य भर्ना लागतको अन्तर २१ प्रतिशत) मात्र रहेको छ । क्षेत्रगत रूपमा हेर्दा सेवा क्षेत्रमा कार्यरत श्रमिकहरूमा शून्य लागतको अनुपात सबैभन्दा उच्च (३७.२ प्रतिशत) रहेको छ भने उद्योगमा ३२.८ प्रतिशत र कृषिमा २९.५ प्रतिशत रहेको छ,' प्रतिवेदनमा भनिएको छ ।

प्रतिवेदनअनुसार भर्ना लागतका रूपमा पुरुषहरूले औसत एक लाख ७६ हजार ६८६ रूपैयाँ र महिलाहरूले औसत दुई लाख १९ हजार ३६२ रूपैयाँ खर्च गरेको देखिन्छ । 'खाडी मुलुकहरू र मलेसिया उच्च भर्ना लागत भएका मार्गहरू हुन् (मध्यिका २,००,००० रूपैयाँभन्दा बढी) भने भारत सबैभन्दा कम लागत भएको गन्तव्य हो (मध्यिका: १६,००० रूपैयाँ),' प्रतिवेदनमा उल्लेख छ ।

क्षेत्रगत आधारमा सेवा क्षेत्र र सीपको आधारमा उच्च सीपयुक्त पेसामा भर्ना लागत उच्च रहेको पाइएको छ । कृषि क्षेत्रमा सबैभन्दा कम भर्ना लागत लाग्ने देखिएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

'अन्तर्राष्ट्रिय श्रम आप्रवासन नेपालको अर्थतन्त्रको एक महत्त्वपूर्ण आधार हो,

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

### पूर्वउपप्रधानमन्त्री...

संगठित अपराधमा केशव दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, डा. इन्द्रजित राई, गोविन्दकुमार चौधरी, आङटावा शेर्पा, टेकनारायण पाण्डे र टोपबहादुर रायमाझीलाई प्रमुख कसुरदारका रूपमा दोषी ठहर गरेको छ। यस्तै यो प्रकरणमा हाइप्रोफाइल सेटिङ मिलाएको आरोप लागेका बेचन झा ठगी कसुरमा दोषी ठहर भएका छन्। त्यसबाहेक झाले सरकारी लिखत किर्ते, संगठित अपराध, राज्यविरुद्धको कसुर तथा एकीकृत कसुर गरेको भन्ने दाबी नपुगेको अदालतको फैसला छ।

#### रायमाझी र थापाका छोरालाई सफाइ

जिल्ला अदालत काठमाडौंले भुटानी शरणार्थी प्रकरणको मुद्दामा प्रतिवादीमध्ये सात जनालाई सफाइ दिएको छ। सफाइ पाउनेमा रामशरण केसी, टंककुमार गुरुङ, सन्दीप रायमाझी, प्रतीक थापा, लक्ष्मी महर्जन, केशव तुलाधर र आशिष बुढाथोकी रहेका छन्। सन्दीप पूर्वउपप्रधानमन्त्री रायमाझीका छोरा हुन् भने प्रतीक रामबहादुर थापाका छोरा हुन्।

#### सजाय निर्धारण असार २९ गते

शरणार्थी प्रकरणमा दोषी ठहर भएका प्रतिवादीहरूको सजाय निर्धारणका लागि आगामी असार २९ गतेको मिति तोकेको छ। न्यायाधीश खड्काको इजलासले मंगलबार फैसला सुनाउँदै दोषी ठहर भएका प्रतिवादीलाई कति वर्ष कैद र कति जरिवाना हुने भन्ने विषयमा असार २९ गते अन्तिम निर्णय गर्ने आदेश दिएको हो। 'निज प्रतिवादीले ठगी कसुरको उद्योग गरेको ठहरेकोले निज प्रतिवादीलाई हुने सजाय निर्धारणका लागि मिति २०८३ असार २९ गतेको पेसी तोकी पेसी मिति अगावै सजायपूर्वको प्रतिवेदन पेस गर्नू भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं र प्रतिवादीको कानुन व्यवसायीलाई जानकारी दिई सोको जानकारी प्रतिवादीसमेतलाई दिई नियमानुसार पेस गर्नू,' आदेशमा भनिएको छ।

फौजदारी कार्यविधिअनुसार गम्भीर प्रकृतिका मुद्दामा कसुर ठहर भएपछि सजाय निर्धारणका लागि छुट्टै इजलास तोक्नुपर्ने कानुनी व्यवस्था रहेकाले अदालतले असार २९ गतेको मिति तय गरेको हो।

#### सरकारी किर्तेमा दोषी ठहर

केशवप्रसाद दुलाल, सानु भण्डारी र टेकनाथ रिजाल

#### राज्यविरूद्धको कसुर र एकीकृत कसुर

केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, डा. इन्द्रजित राई, विक्रम भन्ने गोविन्दकुमार चौधरी, आङटावा शेर्पा, टेकनारायण पाण्डे, टोपबहादुर रायमाझी, बालकृष्ण खाँण, टेकनाथ रिजाल, नरेन्द्र केसी., शमशेर मिया, हरिभक्त महर्जन, निरञ्जन कुमार खरेलले राज्यविरुद्धको कसुरमा दोषी ठहर।

#### ठगी र संगठित अपराध

केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, डा. इन्द्रजित राई, विक्रम भन्ने गोविन्दकुमार चौधरी, आङटावा शेर्पा, टेकनारायण पाण्डे, टोपबहादुर रायमाझी, टेकनाथ रिजाल, नरेन्द्र केसी, शमशेर मिया, हरिभक्त महर्जन, निरञ्जनकुमार खरेल संगठित ठगीको कसुरमा दोषी ठहर।

#### समस्या समाधान कार्यदलबाटै ठगी सुरु

२०७६ जेठ ३० मा गृहमन्त्री रामबहादुर थापा बादलको पालामा पूर्वसहसचिव बालकृष्ण पन्थी नेतृत्वमा भुटानी शरणार्थी समस्या समाधानका लागि भन्दै कार्यदल गठन भएको थियो। उक्त कार्यदल बनेदेखि नै ठगीको प्रक्रिया सुरु भएको प्रहरी अनुसन्धानबाट खुलेको थियो।

उक्त कार्यदलको प्रतिवेदनमा नक्कली भुटानी शरणार्थीकोसमेत नाम समावेश गराएर अमेरिका पठाउने भन्दै रकम असुलिएको थियो। यो काम भने कांग्रेस नेता तत्कालीन गृहमन्त्री बालकृष्ण खाँणको पालामा भएको थियो। भुटानी शरणार्थी ठगी प्रकरणको उजुरी प्रहरीमा परेपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले यसका आरोपीहरूलाई पक्राउ गरेर अनुसन्धान सुरु गरेको थियो। पहिलो चरणमा ११३ जना पीडितबाट परेका २८ वटा जाहेरीहरूको अनुसन्धान गरी ३० जनालाई प्रतिवादी बनाउँदै २०८० जेठ १० मा मुद्दा दायर भएको थियो। त्यसबेला ३० जनाविरुद्ध २८ करोड एक लाख ७४ हजार रूपैयाँ बिगो मागदाबी गर्दै मुद्दा दायर भएको थियो। यो मुद्दामा प्रतिवादीको संख्या ३३ पुगेको थियो।

### वालेन्द्र...

कार्यदलका सदस्य रहेकी डा. कार्कीले कार्यदल, पार्टीको सचिवालय, केन्द्रीय समिति र महाधिवेशन हलमा मस्यौदाबारे कुनै विवाद नभएको दाबी गरिन्। पार्टी सभापति नै संसदीय दलको नेता बन्ने अवधारणाको आधारमा तयार पारिएको विधानलाई अहिले लिएर विवाद निकालिएको उनको दाबी छ।

फागुन २१ गतेको प्रतिनिधिसभाको चुनावमा १८२ सिट जितेको रास्वपाले वरिष्ठ नेता वालेन्द्रलाई प्रधानमन्त्री बनाउन संसदीय दलको नेता बनाएको छ। विधानअनुसार पार्टीको सम्पूर्ण शक्ति सभापति लामिछानेमा केन्द्रित छ। विशेषगरी पार्टीका वरिष्ठ नेताहरू, सचिवालय सदस्यहरू र केन्द्रीय कमिटी थपघट वा हेरफेर गर्ने सम्पूर्ण जिम्मा संस्थागत प्रणालीलाई बाइपास गर्दै सभापति लामिछाने एक्लैलाई दिइएको छ।

#### विधानमा छलफलको समय नै दिइएन

रास्वपाका एक केन्द्रीय सदस्यका अनुसार चितवन महाधिवेशनमा विधानको मस्यौदामाथि छलफल नै चलाइएन। विधानबारे बन्दसत्रमा समूहगत छलफलपछि मात्र पारित गरिने परम्परा रहे पनि चितवन महाधिवेशनमा छलफल नै नभएको ती केन्द्रीय सदस्यले बताए। 'विधान छ भनेर देखाए। तर समूहमा छलफलै गरिएन। विस्तृत छलफलपछि पारित गर्ने कि नगर्ने भन्ने हुन्छ। त्यसपछिमात्र प्रकाशन हुने परम्परा त्यहाँ देखिएन,' ती केन्द्रीय सदस्यले भने, 'आधा मिनेटमै विधान पारित भयो।'

असार ९ गते दिउँसो ३:३० बजेबाट सुरु बन्दसत्रमा तत्कालीन सहमहामन्त्री आचार्यले संशोधित विधान पेस गरे। आचार्यले पेस गरेको विधान संशोधनको प्रस्तावलाई हलले सर्वसम्मत पारित गरेको एकलौटी घोषणा गरिएको थियो। विधानको अनुमोदित मस्यौदा प्रतिनिधिले देख्नसमेत नपाएको ती केन्द्रीय सदस्यले बताए। महाधिवेशन अवधिभर संशोधित विधान सार्वजनिक भएन। महाधिवेशन सकिएको १० दिनपछि विधान सार्वजनिक भएको हो। यो एजेन्डा अबको केन्द्रीय समितिमा छलफलको विषय बन्ने ती सदस्यले बताए।

#### विधानबाटै लामिछानेको चेतावनी

सभापति लामिछानेले वालेन्द्रलाई जुनसुकै समयमा हटाउन सक्छु भनेर चेतावनी विधानमार्फत दिएको अर्का एक नेताले बताए। 'सभापतिले म यस्तो गर्न सक्छु भनेर तर्साउन खोजेको हो। यो विधान सच्चिन सक्छ। तर सभापतिले वालेन्द्रलाई त नियन्त्रणमा राख्न सकिने सन्देश दियो नि,' ती नेताले भने।

रास्वपा महाधिवेशनमा वालेन्द्रले उपसभापतिमा डा. तोसिमा कार्कीलाई सोबिता गौतमविरुद्ध उभ्याएर रविविरुद्ध मोर्चाबन्दी गरेका थिए। त्यसैगरी मनिष झालाई महामन्त्रीमा उभ्याएको थियो। यसरी नै विभिन्न पदमा वालेन्द्रले मोर्चाबन्दी गरेको देखेर लामिछानेले आफूले चाहे जे पनि गर्न सक्छु भनेर चेतावनी दिएको ती नेताले दाबी गरे।

### आप्रवासी...

तर भर्ना शुल्क तथा अन्य लागतहरूको कारणले श्रमिकहरूमा उल्लेखनीय आर्थिक भार पर्न सक्छ,' प्रतिवेदनमा भनिएको छ, 'यस सर्वेक्षणले भर्ना लागतको राष्ट्रिय प्रतिनिधिमूलक अनुमान तथा गन्तव्य देशमा आर्जित मासिक आम्दानीको तुलनामा भर्ना लागतको अनुपातसम्बन्धी तथ्यांक प्रस्तुत गरेको छ, जसले दिगो विकास लक्ष्य (एसडिजी) सूचक १०.७.१ को अद्यावधिक अवस्था देखाएको छ।'

यस सर्वेक्षण देशभरबाट प्रतिनिधित्व हुनेगरी तीन हजार ७४२ घरपरिवार समेटिएको प्रतिवेदनमा उल्लेख छ। सर्वेक्षणको नतिजाले नेपालको कूल दुई करोड ९६ लाख जनसंख्यामध्ये ८.३ प्रतिशत अर्थात् २४ लाख ५० हजार जनसंख्या फर्किएका अन्तर्राष्ट्रिय आप्रवासी रहेका छन् भन्ने देखाएको प्रतिवदेनमा उल्लेख गरिएको छ।

'फर्किएका अन्तर्राष्ट्रिय आप्रवासीमध्ये १६ लाख १० हजार (५.४ प्रतिशत) विदेशमा काम गरी नेपाल फर्किएका अन्तरर्ाष्ट्रिय आप्रवासी श्रमिक थिए। विदेशमा काम गरी नेपाल फर्किएका अन्तर्राष्ट्रिय आप्रवासी श्रमिकमध्ये दुई लाख ५३ हजार ६८६ (१५.७ प्रतिशत) श्रमिक विगत पाँच वर्षको अवधिमा वैतनिक रोजगारीका लागि विदेश गएका थिए। यो समूह भर्ना श्रम आप्रवासी भर्ना लागत सूचक विश्लेषणका लागि मुख्य नमूना समूह रहेको छ,' प्रतिवेदनमा भनिएको छ।

# मधेस प्रदेशसभा परिसरमा पुस्तकालय सञ्चालन

**जनकपुरधाम–** संसद्भित्र अध्ययन, अनुसन्धान र बौद्धिक संस्कृतिको विकास हुनु लोकतन्त्रको गुणस्तर मापन गर्ने महत्त्वपूर्ण आधार मानिन्छ। यही सोचलाई व्यवहारमा उतार्ने प्रयासस्वरूप मधेस प्रदेशसभा परिसरमा स्थापना गरिएको पुस्तकालयलाई प्रदेशको संसदीय इतिहासमा दूरगामी र स्वागतयोग्य उपलब्धिका रूपमा हेरिएको छ।

पुस्तकालय केवल पुस्तक राख्ने कोठा होइन, विचारको संगम, अनुभवको भण्डार र भविष्यका निर्णयलाई दिशा दिने ज्ञानको केन्द्र हो। प्रदेशसभामा प्रस्तुत हुने विधेयक, बजेट, सार्वजनिक नीति, विकास योजना तथा जनसरोकारका विषयमा सांसदहरूले गहन अध्ययन गरी धारणा निर्माण गर्नुपर्ने आवश्यकता महसुस गर्दै प्रदेशसभा सचिवालय परिसरमा सञ्चालनमा ल्याइएको पुस्तकालयले सांसद, कर्मचारी, कानुन व्यवसायी, अनुसन्धानकर्ता, सञ्चारकर्मी तथा विद्यार्थीलाई एउटै थलोबाट आवश्यक सन्दर्भ सामग्री उपलब्ध गराउने विश्वास गरिएको छ।

यही असार ४ गतेदेखि सञ्चालन भएको पुस्तकालयमा नेपालको संविधान, संघीय तथा प्रदेश कानुन, संसदीय कार्य सञ्चालनसम्बन्धी दस्तावेज, सार्वजनिक नीति, अर्थतन्त्र, संघीयता, राजनीतिक इतिहास, समाजशास्त्र, कृषि, शिक्षा, स्वास्थ्य, महिला तथा बालअधिकार, वातावरण, स्थानीय शासन, अन्तर्राष्ट्रिय सम्बन्ध र लोकतान्त्रिक अभ्याससँग सम्बन्धित पुस्तकहरू समावेश गरिएका छन्।

साथै, प्रदेशसभाका बैठकका कार्यवृत्त, समिति प्रतिवेदन, विधेयक, वार्षिक प्रतिवेदन तथा अन्य महत्त्वपूर्ण अभिलेखलाई क्रमशः व्यवस्थितरूपमा संकलन गर्ने योजना बनाइएको प्रदेशसभा सचिवालयका सचिव वासुप्रसाद कोइराला बताउँछन्। यसले प्रदेशसभाको संस्थागत स्मृतिलाई सुरक्षित राख्न पनि महत्त्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ।

'यो पुस्तकालयको उपयोगिता सांसदसम्म मात्र सीमित रहने छैन,' उनी भन्छन्, 'प्रदेशसभा सचिवालयका कर्मचारी, विश्वविद्यालयका विद्यार्थी, नीति विश्लेषक, अनुसन्धानकर्ता तथा सञ्चारकर्मीका लागि पनि यो महत्त्वपूर्ण अध्ययन केन्द्र बन्ने अपेक्षा गरेका छौं।' विशेषतः तथ्यमा आधारित समाचार, अनुसन्धान तथा विश्लेषणात्मक सामग्री तयार गर्न पुस्तकालय प्रभावकारी स्रोत बन्न सक्ने उनी बताउँछन्।

विधेयक पारित गर्नुअघि त्यसको सामाजिक, आर्थिक, कानुनी तथा प्रशासनिक प्रभावको गम्भीर अध्ययन आवश्यक हुन्छ। विकसित लोकतान्त्रिक मुलुकहरूमा सांसदहरूले पुस्तकालय र अनुसन्धान केन्द्रबाट प्राप्त तथ्य, प्रतिवेदन तथा अन्तर्राष्ट्रिय अभ्यासको अध्ययनपछि मात्रै संसद्मा धारणा प्रस्तुत गर्ने परम्परा स्थापित भएको छ। त्यही अभ्यासलाई मधेस प्रदेशसभामा पनि संस्थागत गर्ने दिशामा पुस्तकालय एउटा बलियो आधार बन्ने मधेस प्रदेशसभाका सभामुख रामअशिष यादवको भनाइ छ। *रासस*


**कुवेतमा रोजगार** कम्पनी : GRATIS COMPANY FOR RETAIL SALE OF PERFUMES, COSMETICS, BEAUTY SOAPS AND INCENSE — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 344690 चलानी नं.६०२५७८५०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Girls | 0 | 4 | 140 | ६८,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Graphic Designer | 0 | 1 | 180 | ८८,५१५ | | | | | | | |

कम्पनी : RAGHIF AND KARAK RESTAURANT COMPANY — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०३/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 325731 चलानी नं. ६०२३९६४७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 4 | 0 | 120 | ५९,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners Indoor (Female) | 0 | 6 | 120 | ५९,०१० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३१ गते (15th Jul. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

FEWA OVERSEAS PVT. LTD
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np



**मलेसियामा रोजगार** कम्पनी : D2D WAREHOUSE SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 344576 चलानी नं. ६०२५७८१४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouseman/Storkeeper | 2 | 0 | 1700 | ६३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : DYNAMIC FRANK SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 344575 चलानी नं. ६०२५७८१५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 10 | 0 | 1700 | ६३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३१ गते (15th Jul. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



## सच्याइएको

प्रभाव दैनिक पत्रिकामा मिति: २०८३/३/१२ गते प्रकाशित श्री शहिद संघारी भिमदत्त पन्त सामुदायिक वन उपभोक्ता समूहको काठ लिलाम विक्री सम्बन्धी सूचनामा गोदावरी न.पा-५ कैलाली हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

- अध्यक्ष



## बीमालेख प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०२/१५ गते काठमाडौंस्थित बालाजुदेखि स्वयम्भूसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

नाम : Sanjeev Shrestha
बिमालेख नं. : 51170031941
कम्पनी : Asian Life Insurance Ltd
ठेगाना : Kathmandu
सम्पर्क नं : 9861243877



**साउदीमा रोजगार** कम्पनी : INTERNATIONAL JOINT TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/२२ LT. No. 344475 चलानी नं. ६०२५७७७१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | 1900 | ७७,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTERNATIONAL JOINT TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/२२ LT. No. 344474 चलानी नं. ६०२५७७७०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | 1900 | ७७,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३१ गते (15th Jul. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Elite Gurkhas Overseas Pvt. Ltd. — श्रम इजाजत नं.५३५/०६१/०६२
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com



**मलेसियामा रोजगार** कम्पनी : HOOI LOONG GROUP SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/२२ LT. No. 344193 चलानी नं. ६०२५७७९१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 20 | 0 | 1700 | ६३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३१ गते (15th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

J.P. Overseas Pvt. Ltd. — श्रम ईजाजत नं. १२५७/०७४/०७५
Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-449085
E-mail:jpoverseasnp@gmail.com, Web:www.jpoverseasnepal.com



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८३/०३/२४**

**इमिटेशन मेटलक्राफ्ट प्रा. लि.** को मिति २०८३/०३/१६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इमिटेशन गार्मेन्टस् प्रा. लि. (दर्ता नं. ३५१६६४)** कायम गर्ने गरी मिति २०८३/०३/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**साउदीमा रोजगार** कम्पनी : DISTINGUISHED IDEA FOUNDATION FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ LT. No. 344509 चलानी नं. ६०२५७७७४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ४०,५३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार ३१ र ३२ गते (15-16th July 2026) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

World King H.R.International Pvt.ltd. — Govt. License 1700/081/82
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215,
9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com



**कुवेतमा रोजगार** कम्पनी : RETAJ BEAUTY LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 344523 चलानी नं. ६०२५७८०७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 15 | 150 | ७३,७६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३१ गते (15th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Sultan Gulf Overseas Pvt. Ltd. — Govt. License 1723/081/082
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No. 9840072590 Bashista Bhat, Email: sultangulfoverseas1723@gmail.com



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०३/२४ गते**

यस कम्पनीको मिति २०८३/०३/१८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **भरतपुर मेट्रो क्लिनिक प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नेशनल बाथरोग सेन्टर चितवन प्रा.लि. (प्रा.लि.नं. १६४७२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



**मलेसियामा रोजगार** कम्पनी : HL FEEDMILLS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 344609 चलानी नं. ६०२५७८०५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 6 | 0 | 1700 | ६३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ असार ३१ गते (15th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Humour Overseas Pvt. Ltd. — श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



**साउदीमा रोजगार** कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO.

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 344511 चलानी नं.६०२५७८३७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ४०,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO.

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 344512 चलानी नं.६०२५७८३८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ४०,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO.

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 344513 चलानी नं.६०२५७८३९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ४०,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO.

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 344514 चलानी नं.६०२५७८४०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ४०,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO.

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 344515 चलानी नं.६०२५७८४१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ४०,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO.

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 344516 चलानी नं.६०२५७८४२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ४०,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३१ गते (15th Jul. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Target Consultant Human Resources Pvt. Ltd. — श्रम ईजाजत नं. ८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/01591125, 9821471642
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७७/१२/०५ मा दर्ता भएको प्रा.लि.नं. २५९३४९ को **मार्ग बिजनेस एड्भाइजरि प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**कुवेतमा रोजगार** कम्पनी : KUWAIT FOOD COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२३ LT. No. 335688 चलानी नं. ६०२४९०५६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/waitress | 40 | 37 | 120 | ५९,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३१ गते (15th Jul. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

SHAN A.B. INTERNATIONAL PVT. LTD. — श्रम ईजाजत नं. ९१५/०६७/६८
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9706659209 (Narayan Bhattarai)



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०९/२९ मा दर्ता भएको प्रा.लि.नं. २०६६०५ को **एन.यु.बिल्डर ब्रदर्स इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# फोहोर व्यवस्थापनमा वित्तीय साझेदारी खोज्दै काठमाडौं महानगर

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले फोहोर व्यवस्थापनस्थल बञ्चरेडाँडा ल्याण्डफिल साइटको आयु बढाई दिगोपन दिन अन्य स्थानीय तहसँग 'वित्तीय साझेदारी' गर्ने भएको छ ।

कामपा कार्यवाहक प्रमुख सुनिता डंगोलले फोहोर व्यवस्थापनमा सहजता ल्याउन स्रोतमै वर्गीकरण गरेर मात्रा घटाउने विधि र प्रक्रियालाई कार्यान्वयन गर्दै लगेको जानकारी दिइन् । 'ल्याण्डफिल साइट र त्यस क्षेत्रसँग सम्बन्धित पूर्वाधार र सामाजिक क्षेत्रका कार्यक्रमका लागि कामपाले वार्षिक करिब एक अर्ब रूपैयाँ खर्च गरेको छ । पछिल्लो समय महानगरपालिकाले विभिन्न स्थानमा सहरबाट उत्पादित फोहोरलाई स्रोतमै वर्गीकरणमात्र घटाएर ल्याण्डफिल साइट पुऱ्याउने कार्यलाई प्राथमिकता दिएको छ,' उनले भनिन् ।

फोहोरको भारका आधारमा उपत्यकाका स्थानीय तहबाट वित्तीय साझेदारीको अपेक्षा गरिएको जनाउँदै महानगरपालिकाले यसबाट स्थानीय तहलाई आफूले उत्पादन गरेको फोहोर व्यवस्थापनमा अपनत्वबोध गराउने स्पष्ट पारेको छ ।

महानगरपालिकाले फोहोरको भारका आधारमा वित्तीय साझेदारीको अवधारण अघि सारेको छ । काठमाडौं महानगरपालिका क्षेत्रमा तुलनात्मक रूपमा धेरै फोहोर उत्पादन हुने भएकाले करिब ५० प्रतिशत वितीय जिम्मेवारीको हिस्सा लिन आफूहरू तयार रहेको कार्यवाहक प्रमुखले स्पष्ट पारेका छन् ।

साइटको आयु बढाउन फोहोर वर्गीकरण, पुनःप्रयोग, पुनःचक्रीय प्रयोग विधिको प्रवर्द्धनका विषयमा कुराकानी भएको थियो । हाल काठमाडौं उपत्यका, काभ्रेपलाञ्चोक, नुवाकोट र धादिङका स्थानीय तहमा उत्पादन भएको फोहोर व्यवस्थापन बञ्चरेडाँडामा भइरहेको छ ।

सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक इञ्जिनियर रवीन्द्र बोहोरासहितका पदाधिकारी र वातावरण व्यवस्थापन विभागका अधिकारीसँग बञ्चरेडाँडा ल्याण्डफिल साइटको आयु बढाउन के-कस्तो उपाय र प्रविधि प्रयोग गरी फोहोर व्यवस्थापन गर्न सकिन्छ भन्नेबारे छलफल भएको महानगरपालिकाले जनाएको छ ।

दैलेख दुर्घटना

## कर्णालीमा बेपत्ता एक जनाको शव कैलाली भेटियो

**कर्णाली**– यही असार १८ गते सुर्खेतबाट कालिकोटतर्फ जाँदै गरेको क प्र ०२-००१ ख १०५५ नम्बरको सवारी दुर्घटना हुँदा कर्णाली नदीमा बेपत्ता चार जनामध्ये एक जनाको शव कैलाली जिल्लामा भेटिएको छ ।

मोहन्याल गाउँपालिका-६ कैलालीमा भेटिएको शव पहिचान गर्दा पचालझरना गाउँपालिका-९ कालीकोटका मेखे तिरुवा रहेको उनका छोरा रवीन्द्र तिरुवालाई उद्धृत गर्दै जिल्ला प्रहरी कार्यालय दैलेखका प्रमुख प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए । इलाका प्रहरी कार्यालय चिसापानी कैलालीका प्रमुख प्रहरी निरक्षक मीरा खड्काले पनि शव ६२ वर्षीय मेखे तिरुवा नै रहेको जानकारी दिए ।

प्रहरी नायब उपरीक्षक विकका अनुसार मृतक मेखेसहित हराएका रास्कोट नगरपालिका-२ खड्कागाउँका सिर्जना खड्का, पञ्चपुरी नगरपालिका-८ सुर्खेत माझीगाउँका चालक तुलाराम सुवेदी, सहचालक रामप्रसाद सुवेदी र सवारी अझै पत्ता लागेको छैन । उक्त सवारी दैलेख, चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ स्थित साङ्गेतडामा दुर्घटना भएको थियो ।

बेपत्ता व्यक्तिहरूसहित गाडीको खोजीमा 'रिभर भेहिकल म्याग्नेट,' 'सोनार,' 'ड्रो' न र 'बोरेस्कोप क्यामरा' सहितको उच्च प्रविधियुक्त गोताखोर टोली, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेना गरेर करिब १०० जना जनशक्ति पाँच दिनदेखि परिचालन गरिएको छ । *रासस*

---

### साउदीमा रोजगार
कम्पनी : OASIS SAUDI PLASTIC PRODUCTS COMPANY FACTORY, A SOLE PROPRIETORSHIP

पूर्व स्वीकृति मिति : २०८३/03/२३ | LT. No. 344488 | चलानी नं. ६०२५७७६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plastic Products Making Labors | 11 | 0 | 1000 | ४०,५३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार ३१ गते (15th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Synnet International Pvt. Ltd. Licence No.: 206/057/058

**SYNNET INTERNATIONAL PVT.LTD.**
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com

ISO 9001: 2008 Certified Company | Certified No. 70902

---

## एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना

(प्रकाशित मितिः २०८३/०३/२४ गतेको प्रभाव राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. २, नक्सा सीट नं. २ भ स्थित कि.न. ४५८१, १५९६ र १४८५ को क्षेत्रफल क्रमशः २२०.१२, १६५.०९ र ८४.६५ व.मि. को जग्गा (गैह्र बैकिङ्ग सम्पत्ति) जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति **२०८३/०३/३१** (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । गोप्य शिलबन्दी बोलपत्र सम्बन्धी सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

---

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय हर्कपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८३/०३/२४ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय हर्कपुरबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल ब्याज आदि चूक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत नतिरी नबूझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हूनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपशिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने धितो लिलाम सुचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) औं दिन अर्थात मिति २०८३ साउन ०७ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय हर्कपुरबाट लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गरिने भएको हुँदा सर्व साधारणको जानकारीको लागि यो गोप्य शिलबन्दि बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिनईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ ।

तपसिल

| ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| १. **महेन्द्र हमाल**<br>ना.प्र.नं.- ३०७४६<br>जारी मिति - २०५९/१०/२७,<br>जि.प्र.का. नवलपरासी<br>बाबु - राम बहादुर हमाल<br>बाजे - ध्वजबिर हमाल<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला मुकुन्दपुर गा.बि.स, वडा न ०१<br>हालको ठेगाना- नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, गैंडाकोट न.पा वडा नं. १३ | १. **महेन्द्र हमाल**को नाममा मालपोत कार्यालय कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला सिसवार गा.वि.स./न.पा. वडा नं. ५/घ (हाल नवलपरासी ब.स.पु जिल्ला गैंडाकोट न.पा वडा नं. १३) स्थित कित्ता नं. ५९९ को क्षेत्रफल ०-२-० (बि.क.धु), जग्गा तथा सोको सम्पुर्ण लिगलहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **सुसीला चन्द हमाल**<br>ना.प्र.नं.- २३८३७,<br>जारी मिति - २०५८/०८/२४,<br>जि.प्र.का. नवलपरासी<br>बाबु - सन्त बहादुर चन्द<br>बाजे - मोहन चन्द<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला गैडाकोट न.पा वडा.- १३<br>हालको ठेगाना- नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, गैंडाकोट न.पा वडा नं. १३ | ३. **राम बहादुर हमाल ठकुरी**<br>ना.प्र.नं.- ३६२००५/४२५४,<br>जारी मिति - २०७१/०५/११,<br>जि.प्र.का. नवलपरासी<br>बाबु - ध्वजबिर हमाल<br>बाजे - गोरख बहादुर हमाल<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला गैडाकोट न.पा वडा.- १३<br>हालको ठेगाना- नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, गैंडाकोट न.पा वडा नं. १३ |
| २. **कुसुम ठकुरी**<br>ना.प्र.नं.- ७७-०१-७८-००८२४<br>जारी मिति - २०७८/०४/१०,<br>जि.प्र.का. नवलपरासी (बर्दघाट सुस्ता पुर्व)<br>बाबु - महेन्द्र हमाल<br>बाजे - राम बहादुर हमालको<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला गैडाकोट न.पा वडा.- १३<br>हालको ठेगाना- नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, गैंडाकोट न.पा वडा नं. १३ | ४. **बाल कुमारी हमाल**<br>ना.प्र.नं.- २५३/१३३८<br>जारी मिति - २०४५/०२/०९,<br>जि.प्र.का. नवलपरासी<br>बाबु - चिरञ्जीबी अधिकारी<br>बाजे - गोरख प्रसाद अधिकारी<br>पति - राम बहादुर हमाल ठकुरी<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला गैडाकोट न.पा वडा.- १३<br>हालको ठेगाना- नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, गैंडाकोट न.पा वडा नं. १३ |

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितीले १५ (पन्ध्र) दिन अर्थात २०८३ साउन ०६ गते** भित्र बैंकको शाखा कार्यालय हर्कपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हर्कपुरबाट रु ५००/ तिरी प्राप्त गर्न सकिने छ उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा को बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्ने छ ।
३. बोलपत्रमा आफूले लिनचाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफूले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ, सो वाहेक अन्यकुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८३ साउन ०७ अपरान्ह ३ :०० बजे** देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय हर्कपुरमा बोलपत्र खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितीमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगीआएको तथा शर्त राखी दिएको बोलपत्र उपर कूनै कारवाही गरिने छैन।
७. बोलपत्र स्विकृत भएमा सम्वन्धित बोलपत्र दाताले सोको सूचनापाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोल कवोल गरेको धरौटी वाहेकको बांकी रकम बैंकमा जम्मा गर्नू पर्नेछ । अन्यथा धरौटी वापत जम्माभएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्वन्धित अड्डामा लाग्ने दै दस्तूर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हूने सम्पत्ति सम्वन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय हर्कपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन तथा प्रचलित कानून बमोजिम बैंङ्कले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दि बोलपत्र अन्तर्गत सवै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार बैंकमै सूरक्षित राखीएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पुर्ण लेना असुलउपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरीनेछ ।

**बोलपत्र खोलिने मिति २०८३ साउन ०७ गते बिहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय हर्कपुर फोन नं. ०७८-५०३०३४**

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### हकदावी गर्न आउने बारेको ३५ दिने सूचना

प्रकाशित मिति २०८३/०३/२४ गते

यस कार्यालयमा मिति २०७८/१२/१६ मा दर्ता भएको **गंगा जमुना सप्लायर्स प्राइभेट लिमिटेड (प्रा.लि.नं. २८७९५२)** नामक कम्पनीले दर्ता खारेज गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/03/२४**

यस सिद्धार्थ सा.व.उ.स.हरिहर पुरगढी गा.पा.-०६, सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३ को नियमानुसार कटान मुछान भइ उत्पादित काठ दाउरा समूहको राँगे दोभान घाटगद्धीमा रहेको विभिन्न ग्रेडका साल जातको गोलिया थान १५१को ११८५.८५ क्यूफिट काठ तथा १ चट्टा दाउरा हाल जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुदायको कार्यालयमा सूचना टाँस गरिएको छ ।

**-अध्यक्ष**
**सिद्धार्थ सा.व.उ.स., हरिहरपुर गढी गा.पा -०६, सिन्धुली**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७५।०५।०१ मा दर्ता भएको प्रा.लि.नं. १९६३१४ को **क्यापिटल म्यानेजमेन्ट सर्भिस सेन्टर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/03/२४ गते**

यस कम्पनीको मिति २०८३/०३/०१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **भारद्वाज हर्बल फ्लेवर एण्ड फ्रागरान्सेज प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एच.एन. किचन ट्रेडर्स प्रा.लि. (प्रा.लि.नं. ३७०६२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/03/२४ गते**

बि.बि.सी. ईन्जीनियरिङ्ग कन्ष्ट्रक्सन कम्पनी प्रा.लि. को २०८३/०२/०४ मा सम्पन्न वार्षिक साधारण सभाको विशेष निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८२/८३, च.नं. कम्पनी प्र./१००९७३, मिति २०८३/०२/११ को निर्णयानुसार साविकको बि.बि.सी. ईन्जीनियरिङ्ग कन्ष्ट्रक्सन कम्पनी प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **बि.बि.सी. मेटल्स प्रा.लि**. कम्पनीले सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम **बि.बि.सी. मेटल्स प्रा.लि.** (B.B.C. Metals Pvt Ltd) कायम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### जनजागृति माध्यमिक विद्यालय, तामाकोशी गा.पा. ५, शहरे, दोलखाको गोलिया काठ लिलाम गर्ने बारेको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/03/२४ गते**

प्रस्तुत विषयमा आ.व. २०८२/०८३ मा विद्यालयको कम्पाउण्मा रहेका जोखिम रूखहरु नियमानुसार विद्यालयले संकलन गरि तपसिलको स्थानमा घाटगद्दी गरी राखेको देहायको लट, जात, थान र परिमाणको गोलिया काठ, जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को दफा १२८ बमोजिम सुचिकृत भएका इच्छुक काठ, दाउरामा आधारित उद्योगले यो सूचना पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समय भित्र बोलपत्र खरिद गरि सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन सम्बन्धित सबैलाइ आमन्त्रित गरिन्छ । बोलपत्र समूहको कार्यालय र डिभिजन वन कार्यालय दोलखाबाट खरिद गरि समूहको कार्यालयमा मात्र दाखिला गर्न सकिनेछ ।

तपसिल

**१. वन पैदावरको विवरण :**

| लट नं. | प्रजाती | किसिम | ग्रेड | गो. थान | काठ (क्युफिट) | न्युनतम मुल्य रु. |
|---|---|---|---|---|---|---|
| १.२०८२/०८३ | खोटे सल्ला | गोलिया | ए | २४ | २९७.४९ | ७४३७२/५० |
| १-२०८२/०८३ | खोटे सल्ला | गोलिया | बी | ६३६ | २८४९.९६ | ४२७४९४/- |
| जम्मा | | गोलिया | | ६६० | ३१४७.४५ | ५०१८६६/५० |

**पुनश्चः** कटान, मुछान खर्च प्रति क्यु.फि. रू. १००/- का दरले हुन आउने जम्मा रू.३१४७१५/- विद्यालयको कोषमा थप जम्मा गर्नु हुन र थप विवरणको लागि वन तथा वातावरण मन्त्रालय, हेटौडा र डिभिजन वन कार्यालय, दोलखाको वेवसाइट तथा विभिन्न सरकारी कार्यालयहरूमा टाँस गरिएको विस्तृत सूचना हेर्न सक्नुहुनेछ ।

---

### युएइमा रोजगार
कम्पनी : TECHNO ELECTROMECHANICAL CO FZE LLC | शहर : UAE,SHSRJAH

पूर्व स्वीकृति मिति : २०८३/03/१२ | LT. No. 344085 | चलानी नं. ६०२५७३७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 50 | 0 | 1000 | ४१,४६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ३१ गते (15th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074

**DEEP JYOTI MANPOWER SERVICE PVT LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np

### युएइ/मलेसियामा रोजगार
कम्पनी : HARMONY WAVE CARGO SERVIES L.L.C S.O.C

पूर्व स्वीकृति मिति : २०८३/03/२२ | LT. No. 344332 | चलानी नं. ६०२५७८३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 7 | 0 | 1000 | ४१,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : PERKASA FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/07/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/२३ | LT. No. 332578 | चलानी नं. ६०२४६२५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 27 | 0 | 1700 | ६३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ३१ गते (15th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**LION RECRUITMENT SERVICES PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082

## ZERO COST RECRUITMENT OPPORTUNITY FOR SAUDI !!!
## शुन्य लागतअन्तर्गत साउदीमा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!**

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: SINOPEC ENGINEERING GROUP SAUDI CO.,LTD
कम्पनी : सिनोपेक इन्जिनियरिङ ग्रुप साउदी कम्पनी लिमिटेड

Pre Approval Date : 2026-07-07 | पूर्व स्वीकृति मिति : २०८३/03/२३
LT. No. 344500 | एल टि न. ३४४५००
Invoice No. 60257776 | चलानी नं. ६०२५७७७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Worker | 11 | 0 | 1200 | ४८,६३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Loading And Unloding Worker | 21 | 0 | 1200 | ४८,६३७ | | | | | | | |
| 3. | Warehouse Workers | 17 | 0 | 1500 | ६०,७९६ | | | | | | | |

**The final interview will be conducted in the office on Universal Technical Institute and Orientation Center (Maharajgunj, Kathmandu) on 15th, 16th, 17th July 2026**

अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : युनिभर्सल टेक्निकल इन्स्टिच्युट एण्ड ओरिएन्टेशन सेन्टर (महाराजगंज, काठमाडौंमा मितिः २०८३ असार ३१, ३२ र साउन १ गते हुनेछ ।

नोटः १. यस फ्री भिजा फ्री टिकट अन्तर्गतको Scaffolder/Pipe Fitter को योग्यता भएका व्यक्तिहरूले पनि सम्पर्क गर्न सक्नु हुनेछ ।
२. कामदारहरू ग्यांस प्लान्ट कम्पनीमा काम गरेको योग्यता भएको हुनु पर्नेछ ।

Note: 1. Applicants with qualifications and experience as Scaffolder/Pipe Fitter under this Free Visa, Free Ticket recruitment are also encouraged to apply.
2. Applicants must have prior work experience in a Gas Plant company.

नोटः आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सम्बन्धित संस्थामा आवेदन दिन आमन्त्रित गरिएको छ ।
आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्ने छैन ।
Note: Applicants are invited to apply directly to the respective institutions without the use of any intermediaries. The applicant or the applicant's family members will not have to pay any fees for this admission process.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer

सेवा शुल्क कसले ब्यहोर्ने who will bear the Service Fee

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरू जस्तैः पर्चा, ब्यानर फ्लेक्स आदि पूर्णरुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

श्रम इजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542,
Shiva Subedi (986-9422479), Rajiv Khanal (9851330191), Office Staff (9705231992)
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ई-७ भिसा: म्यानपावरलाई अवसर, सरकारलाई चुनौती

**नेपाली युवाहरूको सबैभन्दा सुरक्षित, मर्यादित र आकर्षक वैदेशिक रोजगार गन्तव्यका रूपमा परिचित दक्षिण कोरियामा अब म्यानपावर कम्पनीहरूमार्फत पनि सीपयुक्त श्रमिक पठाउन पाउने कानुनी बाटो खुलेको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयले हालै मन्त्रीस्तरीय निर्णय गर्दै 'कोरियामा सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८०' लाई कार्यान्वयनमा ल्याउन परराष्ट्र मन्त्रालयमार्फत प्रक्रिया अगाडि बढाएको छ । लामो समयदेखि रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत अदक्ष वा अर्धदक्ष श्रमिकमात्र गइरहेको अवस्था छ । ई-७ भिसामार्फत कोरियाले ८५ थरीका विभिन्न प्राविधिक तथा व्यावसायिक विधाका सीपयुक्त जनशक्ति लैजाने बताइएको छ । सीपयुक्त श्रमिकका लागि यो राम्रो अवसर बन्न सक्छ ।**

**विगतमा सरकारले सरकार-सरकार (जिटुजी) प्रणालीमार्फत नै ई-७ भिसामा श्रमिक पठाउने कसरत नगरेको होइन । तर, दक्षिण कोरिया आफैंले व्यवसायी-व्यवसायी (बिटुबी) मोडलमा दक्ष जनशक्ति लिन चाहेका कारण जिटुजी प्रयास सफल हुन सकेन । उच्च अदालत पाटनको आदेश, कोरियाली दूतावासको कूटनीतिक नोट र वैदेशिक रोजगार ऐन, २०६४ को मर्मलाई आत्मसात् गर्दै सरकारले म्यानपावर व्यवसायीलाई यसमा संलग्न गराउने निर्णय गरेको हो । तर यो निर्णय आफैंमा विवाद र संशयमुक्त भने छैन । विगतमा नेपालका निजी म्यानपावर कम्पनीहरूले 'फ्रि-भिसा, फ्रि-टिकट'का नाममा वा अन्य विभिन्न बाहानामा श्रमिकहरूमाथि गरेको आर्थिक शोषण, ठगी र अपारदर्शिताका कारण यो नयाँ व्यवस्थाप्रति आम नागरिक र सरोकारवालाहरू सशंकित हुनु स्वाभाविक देखिन्छ । म्यानपावर व्यवसायीहरूलाई कोरिया पठाउने जिम्मा दिँदा हालसम्मकै पारदर्शी र सफल मानिएको इपिएस प्रणाली कमजोर हुन सक्ने र श्रमिकहरू पुनः विभिन्न खाले चक्रव्यूहमा फस्न सक्ने चिन्ता पनि छ ।**

**यद्यपि, कार्यविधिले ई-७ भिसामा म्यानपावर कम्पनीले लिने सेवा शुल्क इपिएस प्रणालीकै हाराहारीमा हुनुपर्ने र बढी लिन नपाइने व्यवस्था गरेर श्रमिकको हित रक्षा गर्ने प्रयास गरेको छ । साथै, रोजगारदाता स्वयंले श्रमिकको भाषा र सीपको निःशुल्क परीक्षण गर्ने भनिएकाले प्रक्रियालाई केही हदसम्म पारदर्शी बनाउन खोजिएको आभास हुन्छ । तर, कागजमा नियम राम्रो हुनुमात्र पर्याप्त हुँदैन, त्यसको कडा र इमानदार कार्यान्वयन मुख्य सर्त हो । ६७ थरीका व्यावसायिक, नौ थरीका अर्धव्यावसायिक, छ थरीका साधारण दक्ष र तीन थरीका दक्ष श्रमिक गरी कूल ८५ प्रकारका जनशक्ति पठाउँदा सीपको सही मूल्यांकन र छनोट प्रक्रिया निष्पक्ष हुनुपर्छ ।**

**अबको मुख्य चुनौती भनेकै नियमनको हो । सरकार र विशेषगरी वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीहरूका हरेक गतिविधिमाथि कडा निगरानी राख्न आवश्यक छ । यदि कुनै पनि बहानामा श्रमिकसँग गुप्त वा अतिरिक्त शुल्क असुलिएको पाइएमा त्यस्ता म्यानपावरलाई तत्काल खारेजीसम्मको कारबाही गर्ने आँट राज्यले देखाउनुपर्छ । दक्षिण कोरियाजस्तो सुरक्षित बजारलाई विकृतिमुक्त राख्न सियोलस्थित नेपाली दूतावास र रोजगारदाता कम्पनीहरूसँगको समन्वयलाई चुस्त बनाइनुपर्छ । अन्ततः, इपिएसको साखलाई बचाइराख्दै ई-७ भिसाको यो बिटुबी मोडललाई सुरक्षित र मर्यादित बनाउन सके यसले देशको रेमिटचान्समा गुणात्मक वृद्धिमात्र गर्ने छैन, बरु नेपाली युवाहरूलाई अन्तर्राष्ट्रियस्तरको उच्च प्राविधिक ज्ञान आर्जन गर्ने गतिलो अवसरसमेत प्रदान गर्ने छ ।**

## स्थानीय सरकार र मिडिया परिचालन



❑ सिद्धराज राई

" मिडियाले तथ्यपरक रिपोर्टिङ गरेर स्थानीय सरकारलाई उत्तरदायी र जवाफदेही बनाउन भूमिका खेल्न सक्छ । स्थानीय सरकारले प्रेस स्वतन्त्रताको सम्मान गर्दै मिडियाको विकासमा सहयोग गर्नुपर्छ । सरकार प्रशंसा चाहने र मिडिया आलोचनात्मक हुने, यी दुवैको मूल गुण हो । त्यसैले दुवैबीचको सम्बन्धमा रचनात्मक सन्तुलन आवश्यक छ । कर्तव्य पालना गर्दा भएका कार्यमा समन्वय हुन आवश्यक छ । स्थानीय तहलाई संविधानले दिएको अधिकारलाई कार्यान्वयन गर्न सघाउनु मिडियाको कर्तव्य हो ।

नेपालमा तीन तहको सरकार सञ्चालनमा रहेको छ । संघीय सरकार, सातवटा प्रदेश सरकार, ७५३ वटा स्थानीय तह सरकार र छ हजार ७४३ वडा रहेका छन् ।

नेपालको संविधान २०७२ को धारा ५६ मा राज्यको संरचना, धारा ५७ मा राज्य शक्तिको बाँडफाँट र धारा ५९मा आर्थिक अधिकारको प्रयोगसम्बन्धी व्यवस्था गरेको छ । त्यसैले स्थानीय सरकार आफैं नीति र कार्यक्रम बनाउने, आर्थिक बाँडफाँट गरी बजेट बनाउने र आवश्यक कानुन बनाउने र कार्यान्वयन गर्ने हैसियत राख्दछ । त्यस्तै संविधानको धारा २२१ देखि २३० सम्म स्थानीय व्यवस्थापिका गठन, सञ्चालन प्रक्रियाको विषयमा उल्लेख छ । यही कानुन र विधिअनुसार स्थानीय सरकार सञ्चालन भएको पनि नौ वर्ष पूरा भएको छ । स्थानीय सरकारको प्रभावकारिता दिनानुदिन बढिरहेको छ ।

त्यस्तै नेपाली प्रेसले पनि राणा शासन, २००७ देखि २०१७ सालसम्म प्रजातन्त्र, २०१७ देखि २०४६ सालसम्मको पञ्चायती व्यवस्था, २०४६ पछिको बहुदलीय प्रजातन्त्र, १० वर्षको माओवादी सशस्त्र विद्रोह, २०५९ माघ १९ पछि प्रजातन्त्र 'कू' गरेर राजाको शासन र २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनपछिको लोकतान्त्रिक शासन व्यवस्थापछिको २० वर्ष भोगेर आएको छ । २०४७ को संविधानलेझैं २०६३ सालको अन्तरिम संविधानमा पनि प्रेस स्वतन्त्रताको पूर्णरूपमा प्रत्याभूति गरिएको थियो ।

नेपालको संविधान-२०७२ को प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिएको छ । संविधानको भाग-३ को मौलिक हक र कर्तव्यअन्तर्गत धारा १७ मा स्वतन्त्रताको हक, धारा १९ मा सञ्चारको हक, धारा २७ मा सूचनाको हक र धारा २८ मा गोपनीयताको हक उल्लेख छ । धारा १९ मा सञ्चारसम्बन्धी हकमा कुनै समाचार, लेख, सम्पादकीय, श्रव्य वा श्रव्यदृश्य सामग्रीलाई प्रकाशन वा प्रसारण गर्नुअघि रोक लगाइने छैन । कुनै सामग्री प्रकाशित गरेको कारण रेडियो, टेलिभिजन, अनलाइन, पत्रपत्रिका वा अन्य सञ्चारमाध्यमलाई बन्द, जफत वा दर्ता खारेज गर्न पाइँदैन भनेर प्रस्ट उल्लेख छ । यही पृष्ठभूमिमा आधारित भएर मिडिया र स्थानीय सरकारको सम्बन्ध र दायित्व स्थापित भएका छन् ।

हामीले राजनीतिक स्थायित्व प्राप्त गर्‍यौं भनिरहँदा नेपाली पत्रकारितामा केही जटिल प्रश्न उब्जेका छन् । अर्को चुनाव आउने बेलासम्म नेपालको पत्रकारिताको स्थिति कस्तो होला ? स्थानीय तह र प्रदेशको पत्रकारिता कस्तो होला ? प्रश्न र आशंका जन्माएको छ । मिडियाको शाब्दिक अर्थ माध्यम हो । वास्तवमा मिडिया नागरिकका लागि तथ्यपरक सूचना र जानकारी प्राप्त गर्ने माध्यम नै हो । पारम्परिकरूपमा रेडियो, टेलिभिजन र पत्रपत्रिकाहरूलाई सञ्चारको माध्यम मानिन्थ्यो भने भौतिक विज्ञान र सूचना प्रविधिको तीव्र विकास भएको आजको युगमा मिडिया केवल छापा र श्रव्यदृष्य माध्यममै सीमित रहेन । अहिले डिजिटल मिडियाको युग चलिरहेको छ । यतिबेला मिडियाले इन्टरनेटको दुनियाँबाट सामाजिक सञ्जालहरू हुँदै कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) सम्मको क्षेत्रलाई समेटिसकेको छ । त्यसैले आजको युगमा मिडियाले लोकतन्त्रको प्रवर्द्धन र जवाफदेही शासन व्यवस्था निर्माणका लागि अत्यन्तै महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

संविधान र कानुनले स्थानीय सरकारलाई मिडिया सञ्चालन गर्ने अधिकार दिएको छ । त्यही व्यवस्थालाई टेकेर स्थानीय सरकारले मिडियालाई प्रवर्द्धन र नियमन गर्नसक्ने गरी कानुन वा विधि बनाउने गरेका छन् । मिडियाले मूलतः सुशासनका सूचकहरूमा सरकारको अवस्था के छ भनेर उजागर गर्ने काम गर्दछ । पारदर्शी, जवाफदेही, प्रभावकारी र सुशासनयुक्त सेवा प्रवाहका लागि सरकारले गर्नुपर्ने कामबारे सचेतना फैलाउने काम मिडियाले गर्दछ । सरकारी निकायहरू सेवा प्रवाह गर्ने कार्यमा चुकेका छन् भने नागरिकसमक्ष सूचना प्रवाह गरेर उनीहरूलाई जवाफदेही बनाउने प्रयत्न मिडिया र पत्रकारले गर्नुपर्दछ ।

यस अर्थमा स्थानीय सरकार र मिडियाको सम्बन्ध परस्पर सहयोगात्मक र खबरदारीयुक्त दुवै हो भन्न सकिन्छ । मिडियाले सबै तहका सरकारबाट प्रत्यक्ष वा परोक्ष कुनै प्रकारको लाभ लिँदै गर्दा उनीहरूले आफ्नो कर्तव्य भुल्नु हुँदैन ।

मिडियाले समाजको बृहत्तर परिवर्तनका साथै आर्थिक एवं सामाजिक रूपान्तरणका लागि पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसमा मुख्यगरी मिडियाले प्रकाशन तथा प्रसारण गर्ने विषयको सत्य, तथ्यमा आधारित हुन पर्दछ । मिडियामा आएका र आउने समाचार, सूचना र विज्ञापनजस्ता सामग्रीले निर्माण गर्ने धारणा वा भाष्यले नागरिकलाई फाइदा पुग्छ कि पुग्दैन भनेर ध्यान दिनु जरुरी हुन्छ । मिडिया 'कन्टेट'को सही विश्लेषण गर्न सकिएन भने केही सीमित व्यक्ति, समूह र संस्थाको निजी हित प्रवर्द्धनका लागिमात्र 'मिडिया ट्रायल' हुनसक्ने सम्भावना रहन्छ । आज स्थानीय सरकार र मिडियाबीचमा सबैभन्दा ठूलो खतरा यही विषय रहेको छ ।

मिडिया परिवर्तनको संवाहक हो । समाज र राज्यको पहरेदार हो । आवाजविहीनहरूको आवाज हो । लोकतन्त्रको आधार हो । राजनीतिक परिवर्तनले ल्याउने उपलब्धिलाई जनताको घरदैलोसम्म सञ्चार गर्ने काम हो । यसर्थ असल शासनको प्रवर्द्धनका लागि पनि मिडियाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । मिडियाले स्थानीय तहका योजना, बजेट र सेवा प्रवाहबारे नागरिकलाई जानकारी पुर्‍याएर सुशासन कायम गर्न सघाउँछ । जनता र सरकारबीच सूचना आदानप्रदान गर्ने पुलको रूपमा काम गरी पारदर्शी बनाउने विश्वासको वातावरण निर्माणका लागि मिडियाले सहयोग पुर्‍याउँछ ।

स्थानीय सञ्चार माध्यमहरूले जनताका समस्या, गुनासा र स्थानीय सरकारको कामबारे रिपोर्टिङ गरेर रचनात्मक खबरदारीको भूमिका निर्वाह गर्छ । साँचै भन्दा सरकारी निकायको सेवा र जनताको अपेक्षामा 'वाचडग'को भूमिका निभाउन सक्छ । स्थानीय सरकारले नागरिकको सूचनाको हक सुनिश्चित गर्न र स्थानीय सञ्चारमाध्यमको प्रवर्द्धनका लागि नीति र कार्यक्रम बनाएर साझेदारी गर्न सक्छ । जस्तैः सञ्चार नीति, विज्ञापन नीति, कार्यक्रम सञ्चालन र प्रचारप्रसार नीति, क्षमता विकास नीति बनाउन सकिन्छ तर यो कार्य धेरै स्थानीय सरकारले गरेका छैनन् ।

मिडियाले तथ्यपरक रिपोर्टिङ गरेर स्थानीय सरकारलाई उत्तरदायी र जवाफदेही बनाउन भूमिका खेल्न सक्छ । स्थानीय सरकारले प्रेस स्वतन्त्रताको सम्मान गर्दै मिडियाको विकासमा सहयोग गर्नुपर्छ । सरकार प्रशंसा चाहने र मिडिया आलोचनात्मक हुने, यी दुवैको मूल गुण हो । त्यसैले दुवैबीचको सम्बन्धमा रचनात्मक सन्तुलन आवश्यक छ । कर्तव्य पालना गर्दा भएका कार्यमा समन्वय हुन आवश्यक छ । स्थानीय तहलाई संविधानले दिएको अधिकारलाई कार्यान्वयन गर्न सघाउनु मिडियाको कर्तव्य हो । स्थानीय तहको क्षेत्राधिकार र कार्यक्षेत्रको प्राथमिकताबारे नागरिकसमक्ष सचेतना फैलाउने सामग्रीहरू सम्प्रेषण गर्नु मिडियाको दायित्व हो । यो कार्यमा स्थानीय सरकारले मिडियामैत्री योजना बनाउनुपर्छ ।

स्थानीय जनप्रतिनिधिहरूले गरेका चुनावी प्रतिवद्धताहरूको कार्यान्वयन कसरी भइरहेको छ भनेर विवेचनात्मक र यथार्थपरक टिप्पणी गरी सचेत र स्मरण गराउनु मिडियाको कर्तव्य र दायित्व हो स्थानीय तहले सेवा प्रवाहका क्रममा भए गरेका नवीन प्रयोगहरू छन् भने त्यसलाई सम्प्रेषण गरी नागरिक समक्ष जानकारी दिने कार्यमा मिडियाले सहयोग गर्न सक्छ । आवाजविहीनहरूको आवाज बन्नका लागि नागरिकले भोग्नुपरेको सास्ती र झण्झटलाई बाहिर ल्याउने र सेवा प्राप्तिको सरल तरिकाहरूबारे जानकारी दिने कार्य मिडियाले गर्नु पर्दछ । यस्ता विषय बाहिर आउँदा दुवै पक्षले कर्तव्य सम्झिनुपर्छ । स्थानीय तहले मिडियालाई आफूले गरेका कामको मूल्यांकन गर्न लगाउने, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र अनुगमनमा सहभागी गराउने, नियमित प्रेस भेटघाट गरेर जानकारी दिनुपर्दछ । यसो गर्दा विश्वासको वातावरण बन्दछ ।

स्थानीय सरकारले स्थानीय मिडियाको विकास, प्रवर्द्धन र क्षमता विकास गर्न स्पष्ट नीति बनाउन आवश्यक छ । मिडिया बलियो भएन भने लोकतान्त्रिक अभ्यास बलियो हुँदैन । स्थानीय मिडिया जोगाउने स्थानीय सरकारको भूमिका देखिनुपर्छ । जस्तैः विज्ञापन, सूचना, तालिम, सञ्चार उपकरण खरिदमा सहयोग गर्न सक्छ । स्थानीय सरकार र मिडियाबीचको सम्बन्ध लोकतन्त्रमा परस्पर परिपूरक हुनुपर्दछ । स्थानीय सरकारले आफ्ना नीति, योजना र सेवा प्रवाहबारे नागरिकलाई सुसूचित गराउन मिडियासँग साझेदारी गर्दछ । स्थानीय सरकार र मिडियाबीचको सम्बन्ध शासक र शासितको जस्तो नभई सुशासन र विकासका लागि सहकार्यमा आधारित हुनुपर्छ । *रासस*

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

**अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने**

कुनै प्रकारको प्रलोभन देखाइ, चिट्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

**मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने**

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

**आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने**

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

## पाठक मञ्च

### रास्वपाभित्र हुर्कंदो नियन्त्रणमुखी राजनीति

हालै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले चितवनको भरतपुर महाधिवेशनबाट पारित गरी सार्वजनिक गरेको चौथो संशोधित विधान र त्यसले पार्टीको आन्तरिक संरचनामा पारेको प्रभावबारे सञ्चारमाध्यममा आएका समाचारले मेरो ध्यान तानेको छ । 'परम्परागत दलहरूभन्दा फरक' र 'वैकल्पिक राजनीतिक शक्ति' को नारा दिएर उदाएको रास्वपाले आफ्नो चौथो संशोधनसम्म आइपुग्दा जसरी संगठनात्मक ढाँचा परिवर्तन गरेको छ, यसले पार्टीभित्र लोकतान्त्रिक मूल्य र व्यक्तिकेन्द्रित शक्तिको सन्तुलनमाथि गम्भीर बहस सिर्जना गरिदिएको छ । एक सचेत नागरिकका नाताले यस विधानका सबल र दुबल पक्षमाथि विमर्श गर्नु मेरो दायित्व ठानेर यो पत्र लेख्दै छु ।

संशोधित विधानका केही प्रावधानहरू पक्कै पनि स्वागतयोग्य र नेपाली राजनीतिक क्षितिजमा अनुकरणीय छन् । पार्टीले 'परिवारवाद र नातावादलाई पूर्ण निषेध' गर्ने घोषणा गर्नु र अवसर तथा पदोन्नतिलाई कार्यसम्पादनका आधारमा तय गर्ने नीति लिनु प्रशंसनीय छ । नेपालका पुराना राजनीतिक दलहरू नातावाद र गुटबन्दीको चक्रव्यूहमा फसेका बेला रास्वपाको यो कदमले नयाँ पुस्तालाई राजनीतिमा आकर्षित गर्न मद्दत पुग्ने छ । त्यस्तै, पार्टी वा राज्य सञ्चालनको जिम्मेवारीमा रहेका व्यक्तिलाई प्रत्यक्ष निजी व्यापार वा आर्थिक स्वार्थ जोडिएका क्षेत्रमा जिम्मेवारी नदिने व्यवस्था र निर्वाचित जनप्रतिनिधिलाई आवश्यक परे फिर्ता बोलाउन सकिने 'राइट टु रिकल' को अवधारणा निकै क्रान्तिकारी र जनउत्तरदायी छन् । साधारण सदस्य बनेको छ महिनापछि र अभिमुखीकरणमा सहभागी भएपछि मात्र सक्रिय सदस्यता पाइने तथा तिनै सक्रिय सदस्यले मात्र आन्तरिक निर्वाचनमा भाग लिन पाउने व्यवस्थाले पार्टीमा भीड होइन, वैचारिक र अनुशासित कार्यकर्ता निर्माण गर्न बल पुर्‍याउने देखिन्छ । सामाजिक लोकतन्त्रका पाँच आधारस्तम्भ (उदार अर्थतन्त्र, विधिको शासन, जनउत्तरदायी सरकार, लोककल्याणकारी राज्य र समावेशी समाज) लाई मार्गदर्शक सिद्धान्त मान्नु पनि सकारात्मक छ ।

तर, यी सुन्दर र लोकतान्त्रिक देखिने प्रावधानहरूकाबीच विधानले पार्टी सभापतिको भूमिकालाई जसरी 'सुपर पावर' वा असीमित शक्तिशाली बनाएको छ, त्यसले दलभित्र हुर्कन सक्ने सम्भावित अधिनायकवादको खतरालाई संकेत गर्दछ । संशोधित विधानअनुसार संसदीय दलको नेताले पार्टी सभापतिले दिएको 'नीतिगत मार्गनिर्देशन' अवज्ञा गरेमा पदमुक्त हुन सक्ने व्यवस्था सबैभन्दा बढी विवादास्पद र नियन्त्रणमुखी देखिन्छ । संसदीय दलको नेता भनेको जनताबाट निर्वाचित सांसदहरूले आफ्नो नेता चुनेको व्यक्ति हो, जो संसद् र समग्र जनताप्रति उत्तरदायी हुनुपर्छ । तर, सभापतिको एउटै निर्देशन वा इसारामा संसदीय दलको नेता नै पदमुक्त हुन सक्ने कानुनी आधार तयार गरिनुले संसदीय दलको स्वतन्त्रता र गरिमालाई खुम्च्याएको छ । अहिले पार्टी सभापति रवि लामिछाने र संसदीय दलको नेता पार्टीका वरिष्ठ नेता वालेन्द्र शाह छन् । यो प्रावधान प्रधानमन्त्री वालेन्द्रलाई नियन्त्रण गर्न लक्षित रहेको भन्ने आलोचना सुनिएको छ । यसले पार्टीभित्र ठूलो शक्ति संघर्ष र विभाजन ल्याउने खतरा निम्त्याएको छ ।

अर्कोतर्फ, सांगठनिक संरचनामा पनि सभापतिको तजविजी अधिकारलाई अत्यधिक बढाइएको छ । १५८ सदस्यीय केन्द्रीय समितिमा ५१ जना सदस्य र १८ सदस्यीय पदाधिकारीमा ११ जना पदाधिकारी सभापति आफैंले मनोनयन गर्ने व्यवस्था राखिएको छ । महाधिवेशनबाट निर्वाचित भएर आउनेभन्दा सभापतिको खल्तीबाट मनोनीत हुने पदाधिकारीको संख्या बढी हुनु आन्तरिक लोकतन्त्रको उपहास हो । जब नेतृत्वले आफू अनुकूलका व्यक्तिहरूलाई बहुमत संख्यामा मनोनयन गर्न पाउँछ, तब पार्टीभित्र प्रश्न गर्ने र असहमति राख्ने आवाजहरू स्वतः मत्थर हुन पुग्छन् । यसले पार्टीलाई विधि र पद्धतिभन्दा पनि 'व्यक्ति केन्द्रित' वा 'कमाण्डर केन्द्रित' संस्थामा रूपान्तरण गर्ने जोखिम बढाउँछ । पुराना दलहरूमा देखिएको 'आफ्नालाई काखा र अरूलाई पाखा' गर्ने प्रवृत्ति रास्वपामा झन् वैधानिकरूपमै भित्रिएको आभास हुन्छ ।

पार्टी अनुशासन र नीतिगत एकरूपताका नाममा चालाइएको यो अधिनायकवादी अभ्यासले अन्ततः रास्वपालाई पनि अन्य परम्परागत पार्टीहरूकै निरन्तरतामा सीमित गरिदिने त होइन भन्ने आशंका जन्माएको छ । रास्वपाका नेताहरूले बुझ्नुपर्छ कि बलियो राजनीतिक दलका लागि बलियो विधान र अनुशासन चाहिन्छ, तर त्यो अनुशासन 'एक व्यक्ति' को अधिनमा बस्ने निरंकुशता हुनुहुँदैन । विचारको विविधता र आन्तरिक लोकतन्त्र नै कुनै पनि लोकतान्त्रिक दलको जीवनरेखा हो ।

अतः, रास्वपाले विधानका सकारात्मक र सुधारवादी बुँदाहरूलाई दृढताका साथ कार्यान्वयन गर्दै गर्दा सभापतिको हातमा शक्ति थुपार्ने र नियन्त्रणमुखी मानसिकतालाई समयमै पुनर्विचार गर्न आवश्यक छ । अन्यथा, वैकल्पिक राजनीतिको नाममा जन्मिएको यो आशलाग्दो शक्ति पनि व्यक्तिको महत्त्वाकांक्षा पूरा गर्ने साधनमात्र बन्ने छ । आशा छ, रास्वपाको नेतृत्व र तल्लो तहका कार्यकर्ताले यो शक्ति केन्द्रीकरणको खतरालाई बेलैमा बुझ्ने छन् र पार्टीलाई वास्तविक रूपमा लोकतान्त्रिक दिशामा डोर्‍याउन आवाज उठाउने छन् ।

-- **विवेक बास्तोला**
शंखमुल, काठमाडौं



गड्यौला मल | दाङको तुलसीपुर उपमहानगरपालिका-१३ निवासी सुलोचना शेर्पाले तयार गरेको गड्यौला मल । *तस्बिर: रासस*

# बाढीजन्य विपद्बाट जोगिन समुदाय नै सक्रिय

■ दुर्गा देवकोटा

**टीकापुर (कैलाली)**– कैलाली जिल्लामा बाढीजन्य विपद्बाट जोगिन समुदाय नै सक्रिय रहेको पाइएको छ । स्थानीय टीकापुर नगरपालिका, जानकी गाउँपालिका र भजनी नगरपालिकावासी विपद् व्यवस्थापन समितिमा रहेर बाढीजन्य विपद्को सामना गर्न क्षमता बढाउन सक्रिय छन् ।

बाढीपहिरो, डुबानलगायतका विपद्का बेला खोज तथा उद्धारका लागि सहयोग माग्नुभन्दा आफैं जुट्नुपर्छ भनी हरेक नागरिकको भूमिका र जिम्मेवारी तोकिएको छ । टीकापुर नगरपालिका-७ का नागरिकलाई बर्खा लागेपछि बाढीजन्य विपद्को त्रासले सताउने गरेको छ । बाढीजन्य विपद्बाट जोगिन समुदायमा रहेको विपद् व्यवस्थापन समितिमा खोज तथा उद्धार कार्यदल, प्राथमिक उपचार कार्यदल, महिला कार्यदल, पूर्वसूचना कार्यदल बनाएर सक्रियता बढाइएको छ ।

विपद्का बेला ती कार्यदल आफैं सक्रिय हुने र आफ्नो भूमिका निभाउने गरेका सामुदायिक विपद् व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र रेग्मी बताउँछन् । 'समुदायले आफ्नो क्षमता विकास गर्दै गएको छ । त्यसका लागि स्थानीय सरकार र संघसंस्थाले तालिम, आवश्यक सामग्री सघाएका छन्,' उनले भने, 'दुई वर्षअघिसम्म बाढी आउँदा पालिका आएर नागरिक उद्धार गर्नुपर्थ्यो । अहिले समुदायकै सक्रियतामा अत्यावश्यक सामग्रीसहित नागरिक, खाद्यान्न, वस्तुभाउ सबै उच्च घरमा सारिसक्छौं ।'

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067



**युएइमा रोजगार** कम्पनी : AL METHALI AL ABYAD SCAFFOLDING TR .L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/०३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/२३ | LT. No. 335250 | चलानी नं. ६०२४८९३३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administrative Officer | 1 | 0 | 6000 | २,४८,८०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Secretary | 1 | 0 | 1500 | ६२,२०२ | | | | | | | |
| 3. | Ordinary Labour | 1 | 0 | 1000 | ४१,४६८ | | | | | | | |
| 4. | Sales Officer | 1 | 0 | 1500 | ६२,२०२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३१ गते (15th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | प्रहरी चारित्रिक प्रमाणपत्र / vfs खर्च | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८२०/०६६/०६७
Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036, Umakanta Bhatta (Bishnu) : 9803179587
Email : info@nileintlmanpower.com, Website: www.nileintlmanpower.com



**मलेसियामा रोजगार** कम्पनी : SPX XPRESS SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ | LT. No. 344587 | चलानी नं. ६०२५७८०९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Workers | 50 | 0 | 1700 | ६३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KEJURUTERAAN FONG HONG SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ | LT. No. 344586 | चलानी नं. ६०२५७८०८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker (Machine Operator) | 11 | 0 | 1700 | ६३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३१ गते (15th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Official Mobile no: 9816572430, Satish Bk 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082



**कतारमा रोजगार** कम्पनी : EVEREST NEW DINING RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ | LT. No. 344484 | चलानी नं. ६०२५७७८७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 1 | 2500 | १,९४,३१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook - Asian | 2 | 0 | 2000 | ८३,४५४ | | | | | | | |
| 3. | Waiters | 0 | 3 | 1500 | ६२,५९१ | | | | | | | |

कम्पनी : PROYAN CONSTRUCTION AND CLEANING

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ | LT. No. 344485 | चलानी नं. ६०२५७७८६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Carpenter - General | 1 | 0 | 1100 | ४५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | CLEANER / PUBLIC BUILDING | 1 | 0 | 1000 | ४१,७२७ | | | | | | | |
| 3. | Driver | 3 | 0 | 1900 | ७९,२८२ | | | | | | | |
| 4. | GEN.CLEAN.WORKER | 0 | 2 | 1000 | ४१,७२७ | | | | | | | |
| 5. | Helper | 2 | 0 | 1000 | ४१,७२७ | | | | | | | |
| 6. | Insulation Labor | 2 | 0 | 1000 | ४१,७२७ | | | | | | | |
| 7. | Labour | 4 | 0 | 1000 | ४१,७२७ | | | | | | | |
| 8. | Labourer, Container Cleaning | 2 | 0 | 1000 | ४१,७२७ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३१ गते (15th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५
Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



**कुवेत/साउदीमा रोजगार** कम्पनी : PINKESH GLOW BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ | LT. No. 344565 | चलानी नं. ६०२५७८०१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dress/hair Stylist | 0 | 5 | 150 | ७३,७६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 5 | 150 | ७३,७६४ | | | | | | | |

कम्पनी : MAJESTY RESTAURANT MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ | LT. No. 344566 | चलानी नं. ६०२५७७९९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 5 | 0 | 150 | ७३,७६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef/Kitchen Assistance | 9 | 0 | 140 | ६८,८४७ | | | | | | | |
| 3. | Cleaner General | 5 | 5 | 100 | ४९,१७६ | | | | | | | |
| 4. | DRIVER LIGHT | 5 | 0 | 150 | ७३,७६४ | | | | | | | |
| 5. | PASTRY CHEF/BAKERY | 5 | 0 | 180 | ८८,५१७ | | | | | | | |
| 6. | Steward | 5 | 0 | 120 | ५९,०११ | | | | | | | |
| 7. | waiter/waitress | 5 | 5 | 140 | ६८,८४७ | | | | | | | |

कम्पनी : LA COQUETTE LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ | LT. No. 344502 | चलानी नं. ६०२५७७९७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser | 0 | 10 | 200 | ९८,३५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Make Up | 0 | 4 | 150 | ७३,७६४ | | | | | | | |
| 3. | Manicurist/pedicurist | 0 | 5 | 150 | ७३,७६४ | | | | | | | |
| 4. | Nail Technician | 0 | 5 | 150 | ७३,७६४ | | | | | | | |

कम्पनी : BEST CONTROL FOR MAINTENANCE AND CLEANING EST.

LT. No. 344501 | चलानी नं. ६०२५७७९८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pest Control Worker | 4 | 0 | 1000 | ४०,५३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३१ गते (15th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



भेनेजुएलाको ला गुएरामा सोमबार भूकम्पको समयमा भत्किएको भवनबाट एक पीडितको शव निकाल्दै उद्धारकर्मी। गत जुन २४ मा गएको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको संख्या तीन हजार ५०० नाघिसकेको जनाइएको छ।

*तस्बिरः सिन्हवा*

# विश्वकपमा निष्पक्षतामाथि बहस

**जेनेभा–** फिफाले अमेरिकी स्ट्राइकर फोलारिन बालोगुनमाथिको निलम्बन अन्तिम समयमा हटाउने निर्णय गरेपछि विश्वकप फुटबलको निष्पक्षता, नियमको समान प्रयोग र राजनीतिक प्रभावबारे व्यापक बहस सुरु भएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र फिफा अध्यक्ष जियानी इन्फान्टिनोबीच भएको टेलिफोन संवादपछि आएको निर्णयले अन्तर्राष्ट्रिय फुटबल वृत्तमा गम्भीर प्रश्न उठाएको छ।

बालोगुनलाई बोस्निया-हर्जेगोभिनाविरुद्धको खेलमा गम्भीर फाउलका कारण रातो कार्ड देखाइएको थियो । सामान्यतः यस्तो अवस्थामा कम्तीमा एक खेलको प्रतिबन्ध लाग्ने भए पनि फिफाको अनुशासनात्मक समितिले आइतबार निलम्बन हटाउँदै उनलाई ४० हजार अमेरिकी डलर जरिवाना गरेर खेल्न अनुमति दिएको थियो। त्यसपछि सोमबार बेल्जियमविरुद्धको विश्वकपको नकआउट खेलमा उनी मैदान उत्रिए।

विवादास्पद निर्णयले अमेरिकालाई फाइदा पुग्न सकेन । बालोगुन टोलीमा रहे पनि अमेरिका बेल्जियमसँग ४-१ ले पराजित हुँदै प्रतियोगिताबाट बाहिरियो। यद्यपि, खेलको नतिजाभन्दा बढी चर्चा फिफाको निर्णय र त्यसको प्रक्रियाले पायो।

युरोपेली फुटबल महासंघ (युइएफए) ले फिफाले 'लक्ष्मण रेखा पार गरेको' टिप्पणी गर्दै निर्णयलाई अभूतपूर्व, अन्यायपूर्ण र बुझ्न कठिन भनेको छ । युइएफएका अनुसार नियमको निश्चितता र समान कार्यान्वयन खेलको विश्वसनीयताको आधार हो र त्यसमा कमजोरी आए प्रतियोगिताको अखण्डता नै जोखिममा पर्छ।

बेल्जियम फुटबल संघले पनि बालोगुनको योग्यतामाथि औपचारिक आपत्ति जनाएको थियो। तर फिफाको अपिल समितिले खेल सुरु हुनुभन्दा केही घण्टाअघि बेल्जियमको चुनौती खारेज गर्दै त्यसलाई मुद्दा उठाउने कानुनी आधार नभएको निष्कर्ष निकालेको थियो । बेल्जियमले अझै स्विट्जरल्याण्डस्थित खेलकुद मध्यस्थता अदालतमा जाने विकल्प खुला राखेको छ।

फिफाका पूर्वअध्यक्ष सेप ब्लाटरले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै रातो कार्ड राजनीतिक फोन कलका आधारमा नभई नियम, प्रमाण र स्वतन्त्र निकायका निर्णयबाट मात्र उल्टिनुपर्ने बताए। स्विस फुटबल संघले पनि प्रतियोगिताको विश्वसनीयता स्पष्ट र स्थिर नियममा निर्भर रहने जनाएको छ।

विभिन्न राष्ट्रिय टोलीका प्रशिक्षकहरूले पनि निर्णयप्रति असन्तुष्टि व्यक्त गरेका छन् । नर्वेका प्रशिक्षक स्टाले सोलबाक्केनले यसले भविष्यका रातो कार्डसम्बन्धी निर्णयमा अन्योल सिर्जना गर्ने बताए । इंगल्याण्डका प्रशिक्षक थोमस टुचेलले पनि अब पहेँलो कार्डसमेत पुनरावलोकन हुनसक्ने अवस्था सिर्जना भएको टिप्पणी गरे ।

फिफाले भने आफ्नो निर्णयको बचाउ गरेको छ । संस्थाले रातो कार्डका कानुनी परिणाम पुनरावलोकन गर्नु आधुनिक फुटबलमा नयाँ विषय नभएको र युरोपका धेरै शीर्ष लिगमा यस्ता निर्णय नियमितरूपमा हुने गरेको जनाएको छ । फिफाका अनुसार यसलाई खेलको निष्पक्षताविरुद्धको कदमका रूपमा व्याख्या गर्नु उचित होइन ।

विवादको केन्द्रमा अमेरिकी राष्ट्रपति ट्रम्पको भूमिका पनि रहेको छ। ट्रम्पले सोमबार आफूले इन्फान्टिनोलाई फोन गरेर घटनाको समीक्षा गर्न आग्रह गरेको स्वीकार गरे । यद्यपि उनले कुनै विशेष निर्णयको दबाब नदिएको दाबी गरे। उनले रातो कार्डलाई 'डरलाग्दो निर्णय' भन्दै दुई खेलाडीबीचको सामान्य टक्करको रूपमा आफूले हेरेको बताए।

इन्फान्टिनोले भने फिफाका न्यायिक निकाय स्वतन्त्र रहेको र उनीहरूले स्वायत्त रूपमा निर्णय गर्ने स्पष्ट पार्नुभएको छ । ट्रम्पसँगको कुराकानीमा पनि आफूले कानुनी प्रक्रिया जारी रहेको जानकारीमात्र गराएको उनको भनाइ छ।

इन्फान्टिनो र ट्रम्पबीचको निकट सम्बन्ध यसअघि पनि विवादको विषय बनेको थियो । गत वर्ष फिफा कंग्रेस ढिलो भएको घटनादेखि लिएर ट्रम्पलाई फिफा शान्ति पुरस्कार प्रदान गरिएको विषयसम्म युरोपेली फुटबल वृत्तले पटक-पटक चासो व्यक्त गर्दै आएको छ। नर्वे फुटबल संघले त इन्फान्टिनोमाथि राजनीतिक तटस्थता उल्लंघन गरेको आरोप लगाउँदै नैतिक उजुरीसमेत समर्थन गरेको थियो ।

बालोगुनको घटनाले विश्वकपमा अनुशासनात्मक निर्णयसम्बन्धी फिफाको पछिल्लो अभ्यासमाथि पनि प्रश्न उठाएको छ । यसअघि पोर्चुगलका क्रिस्टियानो रोनाल्डो, इक्वेडरका मोइसेस काइसेडो, अर्जेन्टिनाका निकोलस ओटामेण्डीलगायत केही खेलाडीलाई पनि अपेक्षाभन्दा नरम सजाय दिइएको भन्दै आलोचना भएको थियो। त्यस्तै दक्षिण अफ्रिकाका थेम्बा ज्वानेजस्ता खेलाडीले भने समान प्रकृतिको घटनामा कडा प्रतिबन्ध भोग्नुपरेको उदाहरणसमेत प्रस्तुत गरिएको छ।

यस घटनापछि विश्व फुटबलमा नियमको समान प्रयोग, न्यायिक निकायको स्वतन्त्रता र राजनीतिक प्रभावबाट खेललाई टाढा राख्ने विषय फेरि बहसको केन्द्रमा पुगेको छ। *रासस/एपी*

# सामसुङको नाफामा ऐतिहासिक छलाङ




**सियोल–** कृत्रिम बौद्धिकता (एआई) प्रविधिसँग सम्बन्धित मेमोरी चिपको विश्वव्यापी माग तीव्र रूपमा बढेसँगै दक्षिण कोरियाली प्रविधि कम्पनी सामसुङ इलेक्ट्रोनिक्सले दोस्रो त्रैमासिक परिचालन नाफामा ऐतिहासिक उछाल आउने प्रक्षेपण गरेको छ।

कम्पनीले मंगलबार सार्वजनिक गरेको प्रारम्भिक विवरणअनुसार अप्रिल-जुन अवधिमा परिचालन नाफा ८९४ खर्ब वोन (५८ अर्ब ४० करोड अमेरिकी डलर) पुग्ने अनुमान गरिएको छ। जुन गत वर्षको सोही अवधिको तुलनामा एक हजार ८१० प्रतिशत अर्थात् करिब १९ गुणाले बढी हो।

विश्वकै सबैभन्दा ठूलो मेमोरी चिप उत्पादक सामसुङका अनुसार यस अवधिमा राजस्व पनि उल्लेखनीयरूपमा बढेर एक हजार ७१० खर्ब वोन पुगेको छ। यो अघिल्लो वर्षको तुलनामा १२९ प्रतिशतले बढी हो। कम्पनीले विस्तृत वित्तीय प्रतिवेदन यसै महिनाको अन्त्यतिर सार्वजनिक गर्ने जनाएको छ।

एआईका लागि आवश्यक डेटा सेन्टरमा प्रयोग हुने उच्च क्षमताका मेमोरी चिपको तीव्र मागले दक्षिण कोरियाका प्रमुख सेमिकण्डक्टर कम्पनीहरूको आम्दानीलाई नयाँ उचाइमा पुर्‍याएको छ। यही कारण सामसुङले यसअघि कामदारसँग बोनससम्बन्धी सहमति गरेपछि सम्भावित ठूलो हडतालसमेत टार्न सफल भएको थियो।

सेजोङ विश्वविद्यालयका व्यवसाय प्रशासनका प्राध्यापक किम डे-जोङले सामसुङको अनुमानित नाफालाई कम्पनीकै इतिहासको सबैभन्दा ठूलो त्रैमासिक परिचालन मुनाफा भएको बताए। उनका अनुसार कम्पनीले यस्तो प्रदर्शन निरन्तर कायम राख्न सके विश्वकै अग्रणी उत्पादन कम्पनीका रूपमा अझ बलियो स्थान बनाउन सक्छ। तर उनले एआईसँग सम्बन्धित मेमोरी चिपको उच्च माग कति समयसम्म कायम रहन्छ भन्ने विषय नै आगामी चुनौती रहने उल्लेख गरे। उनका अनुसार अर्को वर्षसम्म माग सुरक्षित देखिए पनि त्यसपछिको अवस्था निश्चित छैन।

सकारात्मक वित्तीय अनुमान सार्वजनिक भए पनि मंगलबार बिहानको कारोबारमा सामसुङको सेयर मूल्य करिब सात प्रतिशतले घटेको थियो। सियोलको कोस्पी सूचकांकमा आएको समग्र गिरावटले पनि यसको प्रभाव पारेको विश्लेषण गरिएको छ।

दक्षिण कोरियाको योन्हाप समाचार एजेन्सीले बजार विश्लेषण उद्धृत गर्दै सामसुङको प्रारम्भिक नाफा अनुमान विश्लेषकहरूको औसत प्रक्षेपणभन्दा ६.२ प्रतिशतले बढी रहेको जनाएको छ।

सामसुङ र घरेलु प्रतिस्पर्धी एसके हाइनिक्सले दक्षिणपश्चिमी दक्षिण कोरियामा करिब आठ हजार खर्ब वोन बराबरको सार्वजनिक-निजी साझेदारीमा नयाँ सेमिकण्डक्टर उत्पादन केन्द्र निर्माण गरिरहेका छन्। प्राध्यापक किमका अनुसार उक्त परियोजना सम्पन्न भएपछि पनि सामसुङले हालको आयको स्तर कायम राख्न सक्छ वा सक्दैन भन्ने विषय भने अझै अनिश्चित छ।

केही विश्लेषकले एआई पूर्वाधारमा हुने सम्भावित लगानी सुस्ताइलाई अहिलेको मेमोरी चिप बुमका लागि प्रमुख जोखिमका रूपमा औंल्याएका छन्। तर काउन्टरपोइन्ट रिसर्चका विश्लेषक एमएस ह्वाङले उत्पादकको आपूर्ति क्षमता र ग्राहकको मागबीचको अन्तर अझै उल्लेखनीय रूपमा कायम रहेकाले व्यापक मन्दीको निष्कर्ष निकाल्न हतार हुने बताए। उनका अनुसार केही प्रतिस्पर्धी कम्पनीका डेटा सेन्टर परियोजना ढिलो हुन सक्छन्, तर त्यसलाई समग्र एआई पूर्वाधार लगानी घटेको संकेतका रूपमा लिन मिल्दैन।

एआई उद्योगका लागि उच्च मूल्यका चिप उत्पादनमा प्राथमिकता दिइरहेका उत्पादकहरूले मोबाइल फोन, ल्यापटप तथा अन्य उपभोक्ता विद्युतीय सामग्रीमा प्रयोग हुने साधारण चिपको उत्पादन घटाएका छन्। यसले ती उपकरणको मूल्यसमेत बढाउन थालेको विश्लेषण गरिएको छ।

दक्षिण कोरियामा सेमिकण्डक्टर उद्योगबाट बढेको कर आम्दानी कसरी उपयोग गर्ने भन्ने विषय पनि अहिले सार्वजनिक बहसको केन्द्र बनेको छ। राष्ट्रपतिका प्रमुख सचिव कां हुन-सिकले कर राजस्वबाट प्राप्त अतिरिक्त आम्दानी एआई तथा सेमिकण्डक्टर उद्योगका ठूला परियोजनामा लगानी गरिने र त्यसबाट युवालाई आवास, स्टार्टअप स्थापना तथा रोजगारीका अवसर विस्तार गर्न सहयोग पुग्ने बताएका छन्।

यसैबीच एसके हाइनिक्ससँग सम्बन्धित ज्याकेट यस वर्ष सामाजिक सञ्जालमा धन र सफलताको प्रतीकका रूपमा भाइरल बनेको थियो। विभिन्न व्यंग्यात्मक सामग्रीमा त्यसलाई विलासी जीवनशैली र राम्रो वैवाहिक सम्भावनाको 'सुनौलो टिकट'का रूपमा चित्रण गरिएको थियो। योन्हापका अनुसार वैवाहिक मिलान संस्था सुनुले तयार पारेको 'वाञ्छनीयता सूचकांक' मा सामसुङ र एसके हाइनिक्सका कर्मचारीको आकर्षण डाक्टर र वकिलसरह पुगेको देखिएको छ। *रासस/एएफपी*

# चीनमा मौसमी प्रकोपका कारण ११ जनाको मृत्यु



**वुहान (चीन)–** मध्य चीनको हुबेई प्रान्तको पूर्वी भागमा गम्भीर मौसमी प्रकोपका कारण आएको आँधीबेहरीका कारण ११ जनाको मृत्यु हुनुका साथै एक जना बेपत्ता रहेको प्रान्तीय अधिकारीहरूले बताएका छन्।

अधिकारीहरूका अनुसार सोमबार राति आएको आँधीबेहरी र तीव्र हावाले ह्वांगसी, ह्वांगगांग, एझोउ, र जियानिङलाई प्रभावित गराएको जनाइएको छ । आँधीका कारण २२ वटा भवन पूर्णरूपमा क्षति गराउनुका साथै क्षेत्रका अन्य चार हजार ८५५ वटा भवन क्षतिग्रस्त भएको जनाइएको छ । जसमा ३३१ जना स्थानीय बासिन्दा घाइते भएको स्थानीय अधिकारीहरूले बताएका छन्। प्रान्तीय सरकारले पूर्ण उद्धार तथा राहत कार्यहरू सुरु गरिसकेको र थप प्रकोप रोक्ने प्रयास गरिरहेको जनाएको छ। *रासस/सिन्ह्वा*


## कर्जा चुक्ता तथा धितो लिलाम बारेको ७ दिने सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०३/२४ गते**

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.को तपसिलमा उल्लेखित कर्जा सदस्यले प्राप्त गरेको कर्जाको संस्थालाई तिर्ने/बुझाउने सावाँ, व्याज लगायत अन्य लेना रकम चुक्ता भुक्तानी गर्न यस संस्थाबाट पटक पटक लिखित एवं मौखिक जानकारी गराई विभिन्न मितिमा ३५(पैतिस) दिने सार्वजानिक सूचना प्रकाशित गर्दा समेत आलटाल गरि कर्जा चुक्ता भुक्तानी गर्नेतर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले सदस्यलाई आफ्नो कर्जा चुक्ता भुक्तानी गर्न वा नतिरे नबुझाए धितो बन्धकी रहेको धितो लिलामीको लागि मिति २०८३/१/११ गते ३५ (पैतिस) दिने सार्वजनिक सूचना जारी गर्दा समेत वेवास्ता गरी बसेको हुनाले सदस्यहरुलाई आफ्नो कर्जा चुक्ता भुक्तान गर्न वा नतिरे नबुझाए धितो बन्धकी रहेको धितो सम्पत्ति लिलामीको लागि यो ७ दिने सूचना जारी गरिएको छ। उल्लेखित मिति भित्र तपसिल बमोजिमका शेयर सदस्यले उपभोग गरेको कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जना समेत संस्थामा दाखिला हुन नआएमा कर्जा उपभोग गर्ने क्रममा यस संस्थालाई लेखि दिएको तपसिलमा उल्लेखित विवरण रहेको सम्पत्ती लिलाम बिक्री गरि तथा कर्जा लिदा संस्थालाई गरिदिएको लिखत तमसुक, सर्त, कबुलियतनामा तथा सहकारी ऐन २०७४ मा भएको ब्यवस्था बमोजिम वा प्रचलित कानुन बमोजिम अन्य व्यवस्था गरि संस्थाको साँवा, ब्याज, हर्जना तथा असुली कारबाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरिने व्यहोरा सम्बन्धित पक्षलाई यसै सूचना मार्फत जानकारी गराईन्छ। यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कर्जा चुक्ता नगर्ने तपसिल बमोजिमका शेयर सदस्यहरुको संस्थामा धितो रहेको सम्पत्ती सकार गरिलिन ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र यस संस्थाको मुख्य कार्यालय ललितपुर-१९, कुमारीपाटीमा कार्यालय समय भित्र आईपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्धि बोल पत्र पेश गर्नहुन आव्हान गरिन्छ। प्राप्त बोलपत्रहरु संस्थाको कार्यालयमा ८ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन बिहान १० बजे खोलिने हुँदा सम्बन्धित शेयर सदस्य, बोलपत्र दाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ तर बोलपत्र दाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

**तपसिल**

| ऋणीको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|
| १) **ऋणी :- बिजेश रुद्र श्रेष्ठ**<br>बाजे :- जगतलाल श्रेष्ठ<br>पिता :- भिम रुद्र श्रेष्ठ<br>ना.प्र.नं.:-४६२२, काठमाण्डौ<br>ठेगानाः काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २७।<br>हाल :- ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. २, सानेपा।<br><br>**व्यक्तिगत जमानी कर्ता**<br><br>१) **यचु श्रेष्ठ**<br>ठेगानाः ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. २, सानेपा।<br><br>२) **सरोजिनी श्रेष्ठ**<br>ठेगानाः ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. २, सानेपा। | श्री नेपाल ई-विज मेनेजमेन्ट प्रा.लि.को नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला साविक मातातिर्थ गा.वि.स. वडा नं.८, सिट नं. ८(ख) को कि.नं. ४०५, कि.नं.३९१ र कि.नं ३९६ को क्रमशः क्षेत्रफल १-०-१-२, ०-४-१-३ र ०-१-३-१, रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत।<br>**श्री बिजेश रुद्र श्रेष्ठ**को नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला साविक लक्ष्मीपुर गा.वि.स. वडा नं. ८, सिट नं.८(क) को कि.नं. ३८७, कि.नं.४०३, कि.नं.५८७, कि.नं.५८६, कि.नं.११८५, कि.नं.३८५, कि.नं.५८५, कि.नं.११८६, कि.नं.६९२, कि.नं.३९८, कि.नं.९७८, कि.नं.६०३, कि.नं.११८७, कि.नं.४००, कि.नं.११५१, कि.नं.११५२, कि.नं.१०३०, कि.नं.१०३१, कि.नं.३९०, कि.नं.१२३९, कि.नं.१२०१, कि.नं.३७२, कि.नं.३८९, कि.नं.९७७ जग्गाको क्रमशः क्षेत्रफल २८९४.८९ व.मि.,८२९.५३ व.मि.,५५८.६६ व.मि.,१०१५.७५ व.मि.,११२६.८५ व.मि.,७६१.८१ व.मि., १६९२.९२ व.मि.,११२६.६६ व.मि., २४०३.९४ व.मि., १२१८.९० व.मि.३८९.४२ व.मि., १३५४.३३ व.मि., ११२६.६८ व.मि.,१०१५.७५ व.मि., २२८५.७५ व.मि., ३३८.६३ व.मि., ३१६६.१९ व.मि., ७९५.७८ व.मि. ८६३.३९ व.मि., ३३८.६३ व.मि., १५७४.६३ व.मि., ३७५८.९० व.मि., ७२७.९५व.मि., १३५४.५२ व.मि. रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत, दाङ जिल्ला साविक लक्ष्मीपुर गा.वि.स.वडा नं.६, सिट नं. ६(क) को कि.नं.१५८ र कि.नं.१६० को क्रमश क्षेत्रफल १२१८.९० व.मि.र ४७४.०२ व.मि. र एस भेन्चर प्रा.लि. को नाममा मालपोत कार्यालय घोराहि दाङमा दर्ता रहेको दाङ जिल्ला साविक लक्ष्मीपुर गा.वि.स.वडा नं.६, सिट नं. ६(क) को कि.नं.१९७, २०५, २०७ र ७६५ को क्रमशः क्षेत्रफल ६७७.१७ व.मि., ३३८.५८ व.मि., ९३१.१० व.मि.र १०१५.८९ व.मि.रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत। |
| २) ऋणी :- यचु श्रेष्ठ<br>पति :- बिजेश रुद्र श्रेष्ठ<br>ससुरा/पिताः- भिम रुद्र श्रेष्ठ/रविचरण श्रेष्ठ<br>ना.प्र.नं.:-१८४४, काठमाण्डौ<br>ठेगानाः काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २३।<br>हाल :- ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. २, सानेपा<br>**व्यक्तिगत जमानी कर्ता**<br>१. बिजेश रुद्र श्रेष्ठ<br>ठेगानाः ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. २, सानेपा।<br>२. सरोजिनी श्रेष्ठ<br>ठेगानाः ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. २, सानेपा। | श्री बिजेश रुद्र श्रेष्ठको नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला साविक लक्ष्मीपुर गा.वि.स. वडा नं. ८, सिट नं.८(क) को कि.नं. ३८७, कि.नं.४०३, कि.नं.५८७, कि.नं.५८६, कि.नं.११८५, कि.नं.३८५, कि.नं.५८५, कि.नं.११८६, कि.नं.६९२, कि.नं.३९८, कि.नं.९७८, कि.नं.६०३, कि.नं.११८७, कि.नं.४००, कि.नं.११५१, कि.नं.११५२, कि.नं.१०३०, कि.नं.१०३१, कि.नं.३९०, कि.नं.१२३९, कि.नं.१२०१, कि.नं.३७२, कि.नं.३८९, कि.नं.९७७ जग्गाको क्रमशः क्षेत्रफल २८९४.८९ व.मि.,८२९.५३ व.मि.,५५८.६६ व.मि.,१०१५.७५ व.मि.,११२६.८५ व.मि.,७६१.८१ व.मि., १६९२.९२ व.मि.,११२६.६६ व.मि., २४०३.९४ व.मि., १२१८.९० व.मि.३८९.४२ व.मि., १३५४.३३ व.मि., ११२६.६८ व.मि.,१०१५.७५ व.मि., २२८५.७५ व.मि., ३३८.६३ व.मि., ३१६६.१९ व.मि., ७९५.७८ व.मि. ८६३.३९ व.मि., ३३८.६३ व.मि., १५७४.६३ व.मि., ३७५८.९० व.मि., ७२७.९५व.मि., १३५४.५२ व.मि. रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत, दाङ जिल्ला साविक लक्ष्मीपुर गा.वि.स.वडा नं.६, सिट नं. ६(क) को कि.नं.१५८ र कि.नं.१६० को क्रमश क्षेत्रफल १२१८.९० व.मि.र ४७४.०२ व.मि..रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत। |

**लिलामका शर्तहरुः**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी बोल कबोल गर्ने व्यक्तीले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा यस संस्थाको बैंक खातामा नगद जम्मा गरेको भौचर धरौटी वापत तुरन्त यस संस्थामा बुझाउनु पर्नेछ।
२. लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सूचना पाएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ती बुझि नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मुल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निजपछि सबैभन्दा बढि रकम प्रस्तावक व्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
४. तोकिएको लिलामको दिन सरकारी बिदा परेमा वा सहकारी बिदा परेमा त्यसको लगत्तै सरकारी वा सहकारी कार्यालय खुल्ने दिन डाँक बढाबढ हुनेछ।
५. डाँक बढाबढ गर्दा सबैभन्दा बढी अंक पेश गर्ने व्यक्तीलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार सहकारी संस्थामा सुरक्षित रहनेछ।
६. लिलाम बिक्री हुने धितो (घर/जग्गा) को सम्बन्धित कागजातहरु हेर्न चाहनुहुने महानुभावहरुले यस सहकारी संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
७. यो सूचना प्रकाशित भएको ८औं दिन संस्थाको मुख्य कार्यालय ललितपुर म.न.पा. वडा नं.-१९, कुमारीपाटीमा बिहान १० बजे लिलामको डाँक बढाबढ गरिनेछ।
८. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च कर्जा सदस्य स्वयमलेनै व्यहोर्नु पर्नेछ।
९. सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संस्थाको कर्जा लगानी तथा असुली सम्बन्धि विनियमावली अनुसार लिलाम बिक्री गर्नु पर्ने जायजेथा लिलाम विक्री गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पत्तीको स्वामित्व आफुमा लिन सक्नेछ।
१०. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा कर्जा सदस्य तथा जमानीको नाममा रहेको नेपाल राज्य भरको अन्य चल अचल सम्पत्तीबाट समेत असुल उपर गरिनेछ।

**नोटः धितो लिलाम हुने मितिः २०८३/०३/३१, स्थान : संस्थाको मुख्य कार्यालय, कुमारीपाटी, ललितपुर, समयः बिहान १० बजे**

**पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.**
PANCHASHIL MULTIPURPOSE CO-OPERATIVE LTD.

**मुख्य कार्यालय** : ल.म.न.पा. वडा नं. १९, कुमारीपाटी
फोन नं.: ०१-५४०८५८५, ५४३२७१८ Email: info@panchashilmcl.com.np
**पञ्चशील सदस्य सेवाकेन्द्रहरु** : चापागाउँ, ललितपुर फोन नं.: ०१- ५२६५४७१, सरस्वतिनगर, काठमाण्डौ, फोन नं.०१-४८१३४४७, कोटेश्वर, काठमाण्डौ, फोन नं.: ०१-४६१०६१७, ४६१०१०७, न्यूरोड, काठमाण्डौ, फोन नं.: ०१-५३५५४०८, सुर्यविनायक, भक्तपुर, फोन नं.: ०१-६६१५६४७

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २८८००० | प्रति तोला – ० | प्रति तोला – ४५५५ |

## 'ग्रे लिस्टबाट बाहिरिन समयबद्ध योजना'



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) को ग्रे लिस्टबाट नेपाललाई बाहिर निकाल्न सरकारले समयबद्ध रणनीति र कार्ययोजना कार्यान्वयन गरिरहेको बताए ।

मंगलबार राष्ट्रिय सभामा बोल्दै अर्थमन्त्री वाग्लेले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१-८६) अनुसार सम्बन्धित निकायहरूले समयसीमासहित सुधारका काम गरिरहेको जानकारी दिए ।

उनका अनुसार सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ बमोजिम अर्थमन्त्रीको संयोजकत्वमा निर्देशन समिति तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको नेतृत्वमा समन्वय समिति सक्रिय छन् । नेपाल राष्ट्र बैंकअन्तर्गतको वित्तीय जानकारी इकाइले यस विषयमा केन्द्रीय संयन्त्रका रूपमा काम गरिरहेको उनले बताए ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३ संघीय संसद्का दुवै सदनबाट पारित भइसकेको उल्लेख गर्दै उनले क्षेत्रगत जोखिम मूल्यांकन प्रतिवेदन तयार भइसकेको र राष्ट्रिय जोखिम मूल्यांकन प्रतिवेदनको अन्तिम मस्यौदा तयारीको चरणमा रहेको जानकारी दिए । जोखिमका क्षेत्र पहिचान गरी सुधारका थप कदम चाल्दै नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्न सरकार प्रतिबद्ध रहेको उनले बताए ।

आगामी आवको मौद्रिक नीति

# आर्थिक वृद्धिको लक्ष्यलाई सघाउने लचिलो नीति

■ प्रभाव संवाददाता



**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्षमा राखेको सात प्रतिशतको आर्थिक वृद्धिलाई भरथेग गर्ने गरी नेपाल राष्ट्र बैंकले लचिलो खालको मौद्रिक नीति ल्याएको छ । नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले मंगलबार आगामी आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीति सार्वजनिक गर्दै सरकारले लिएको आर्थिक वृद्धिलाई सहयोग पुग्ने गरी मौद्रिक नीति ल्याएको बताए ।

गभर्नर पौडेलले बैंक तथा वित्तीय संस्थाले करिब रु ६० खर्ब बराबरको ऋण विस्तार गरेको उल्लेख गर्दै आगामी आवमा ११ प्रतिशत अर्थात् छ खर्ब ५२ अर्ब ऋण विस्तार गरी सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य पूरा गर्ने बताए ।

साथै नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरूप्रसाद पौडेलले पनि पत्रकार आयोजित पत्रकार सम्मेलनमा सरकारले लिएका सात प्रतिशतको आर्थिक वृद्धिलाई सहयोग गर्ने गरी मौद्रिक नीति ल्याइएको बताए । 'सरकारले आगामी आर्थिक वर्षमा ल्याएको नीति कार्यक्रम र बजेटलाई भरथेग र सहयोग गर्ने गरी नै मौद्रिक नीति आएको छ, मौद्रिक नीतिले सरकारले राखेको उद्देश्य पूरा गर्नका लागि सहयोगी भूमिका खेल्नेछ,' उनले भने ।

राष्ट्र बैंकले मौद्रिक नीतिमा कर्जाको सुरक्षण स्वरूप व्यक्तिगत जमानीबाट असीमित दायित्व सिर्जना हुने अवस्था हटाउने प्रावधानलाई प्राथमिकताको साथमा ल्याएको उल्लेख गरेको छ । प्रवक्ता पौडेलले यो प्रावधानले ऋणीलाई केही हदसम्म भएपनि सहज बनाउने बताए ।

मौद्रिक नीतिमा चेक अनादरका कारण कालोसूचीमा परी बैंकिङ सेवाको पहुँचमा बाधा पर्ने अवस्था कम गर्नेतर्फ पनि केही सहजीकरण गर्ने उल्लेख छ । चेक अनादरको कारणले कालोसूचीमा नभईकन फरक ढंगले कानुनी व्यवस्था गर्नाले उद्यमी तथा व्यवसायीलाई केही सहजता हुने प्रवक्ता पौडेलले बताए । राष्ट्र बैंकले रुग्ण उद्योगलाई नयाँ योजना सोच र भिजनसहित अघि बढाउन चाहने कम्पनीलाई पनि प्रवर्द्धन गर्ने खालको नीति मौद्रिक नीतिमा अंगीकार गरेको छ ।

राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सनाले मौद्रिक नीतिमार्फत रुग्ण अवस्थामा रहेको उद्योगलाई नयाँ सोच र भिजनसहित फेरि सञ्चालन गर्ने कार्ययोजनासहित आउनेलाई प्रोत्साहन गर्नका लागि यो नीति ल्याएको बताए । 'रुग्ण उद्योगका निष्कृय कर्जाको व्यवस्थापनका साथै निष्कृय कर्जालाई पुनरुत्थान गर्न र संस्थालाई फेरि पहिलाकै अवस्थामा ल्याउनका लागि यो नीति ल्याएका हौं,' उनले भने, 'यो नीतिले एकातर्फ रुग्ण उद्योगमा बैंक तथा वित्तीय संस्थाको रकम उठ्ने र रुग्ण उद्योग फेरि सञ्चालनमा ल्याउने अवस्था सिर्जना हुनेछ ।'

राष्ट्र बैंकले संस्थाको सबलताका आधारमा सेयर धितो कर्जा सीमा निर्धारण हुने एवम् सार्वजनिक सवारीका रूपमा प्रयोग हुने ठूला विद्युतीय सवारीसाधनको कर्जा मूल्य अनुपात सहजीकरण हुने गरी विशेष नीतिगत व्यवस्था गरेको छ ।

बैंक तथा वित्तीय संस्थालाई डिजिटलाइजेसनमार्फत वित्तीय लागत न्यून गराई सोको प्रतिफल ग्राहकमा हस्तान्तरण गरी उपभोक्ताले प्राप्त गर्ने सेवाको गुणस्तर अभिवृद्धि गर्दै लैजाने नीति मौद्रिक नीतिमा समावेश छ । साथै बैंक तथा वित्तीय संस्थाको वर्गीकरणका सम्बन्धमा भैरहेको अध्ययन सम्पन्न गरी सोही अनुरूप बैंक, वित्तीय संस्था तथा गैर बैंक तथा वित्तीय संस्थालाई लक्षित कार्यक्षेत्रमा सेवा विस्तार गर्न प्रोत्साहन गर्ने नियामकीय व्यवस्थाहरू क्रमशः लागू गर्ने नीति अंगीकार गरिएको छ ।

प्रवक्ता पौडेलले आगामी आर्थिक वर्षको मौद्रिक नीतिलाई तीन वटा फरक-फरक कागजपत्रका आधारमा प्रस्तुत गर्न खोजेको बताए । 'विगतका वर्षका मौद्रिक नीतिमा एकैठाउँमा सबैकुरा समावेश गरेर ल्याइने गरिन्थ्यो, तर आगामी आवको मौद्रिक नीतिमा भने तीन वटा फरक-फरक डकुमेन्टलाई छुट्टाछुट्टै ढंगबाट प्रस्तुत गरेर ल्याइएको छ,' उनले भने ।

केन्द्रीय बैंकले आव २०८२/८३ को मौद्रिक नीतिको समीक्षा, 'म्याक्रो इकोनोमिक रिपोर्ट, एनालाइसिस एण्ड आउटलुक' र मौद्रिक नीति २०८२/८३ गरेर छुट्टाछुटै रूपमा ल्याएको छ ।

केन्द्रीय बैंकले आव २०८३/८४ मा पाँच दशमलव ५ प्रतिशतको हाराहारीमा मुद्रास्फीति र कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम गर्दै ७.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न आवश्यक मौद्रिक तरलता र विदेशी विनिमय व्यवस्थापन गर्ने नीति अघि सारेको छ ।

मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दरलाई यथावत् राख्दै अन्तरबैंक दरलाई नीतिगत दरको हाराहारीमा कायम हुने गरी खुला बजार कारोबार सञ्चालन गर्ने नीति अघि सारेको छ । त्यस्तै गरी तरलताको प्रकृति हेरी संरचनागत तरलता र नियमित तथा आकस्मिक तरलता व्यवस्थापनका लागि भिन्न अवधिका उपकरणहरू प्रयोग गरिने मौद्रिक नीतिमा उल्लेख गरिएको छ ।

राष्ट्र बैंकले आगामी आवको मौद्रिक नीतिमा ब्याजदर करिडोरअन्तर्गतका नीतिगत दर स्थायी निक्षेप सुविधा दर एवम् बैंकदरलाई यथावत राखेको छ । त्यस्तै गरी अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात एवम् स्थायी तरलता सुविधासम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको मौद्रिक नीतिमा उललेख गरिएको छ ।

त्यसैगरी राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत पहिलो पटक विदेशी मुद्रा खरिदमार्फत हुने तरलता प्रवाह व्यवस्थापनलाई सहज बनाउन वाणिज्य बैंकहरूलाई विदेशी सरकारी ऋणपत्रमा लगानी गर्न प्रोत्साहित गरिनुका साथै विदेशी मुद्रा खरिदकै बखत 'स्टेरलाइन्ड इन्टरभेन्सन' गर्ने नीतिगत व्यवस्था गरेको छ ।

कार्यकारी निर्देशक तिमिल्सनाले नेपालका बैंक तथा वित्तीय संस्थाले विदेशका केन्द्रीय बैंकको सेक्युरिटी तथा बण्ड फण्डहरूमा लगानी गर्ने व्यवस्था गर्न लागिएको बताए ।

## उत्कृष्ट कृषक पुरस्कृत



■ प्रभाव संवाददाता

**कास्की–** गण्डकी प्रदेश सरकारले प्रदेशका सर्वोत्कृष्ट र उत्कृष्ट पाँच जना कृषकलाई सोमबार नगदसहित सम्मान गरेको छ । कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादन वृद्धि, आधुनिक प्रविधिको प्रयोग तथा कृषकलाई थप उत्प्रेरित गर्ने उद्देश्यले सम्मान गरेको हो ।

कार्यक्रममा कृषिमन्त्री भीमबहादुर कार्की, प्रदेश सामाजिक विकास तथा कृषि समितिका सदस्य भक्तबहादुर कुँवर र मन्त्रालयका सचिव डा प्रेरणा सेढाईं भट्टराईले सम्मानपत्र, नगद पुरस्कार र दोसल्ला प्रदान गरे । कृषि क्षेत्रलाई सम्मानित पेसाका रूपमा स्थापित गर्दै सफल कृषकका अनुभवलाई अन्य कृषकसम्म पुऱ्याउने र युवालाई कृषि व्यवसायतर्फ आकर्षित गर्ने उद्देश्यले हरेक वर्ष यस्तो सम्मान कार्यक्रम सञ्चालन गरिँदै आएको मन्त्रालयले जनाएको छ ।

यस वर्षको प्रदेश सर्वोत्कृष्ट कृषि पुरस्कार बागलुङको गलकोट नगरपालिका-१ को सहारा कृषि फार्मका सञ्चालक गमबहादुर कुँवर पुरस्कृत भए । उनले नगद रु ५० हजार तथा सम्मानपत्र प्राप्त गरे । यसैगरी प्रदेश उत्कृष्ट कृषि पुरस्कारबाट नवलपरासीको मौलाकालिका कृषि फार्मका सञ्चालक निर्मल भट्टराई, पोखरा-१४ को रोशन एण्ड रोहित कृषि फार्मका सञ्चालक रमेश खनाल र तनहुँ व्यास नगरपालिका-१० का दाजुभाई गाई फार्मका सञ्चालक रमेश तिमिल्सिना सम्मानित भए ।

यसैगरी, खिलुङ कालिका अर्गानिक कृषि फार्म भिरकोट नगरपालिका-७ स्याङ्जाका शालिग्राम अर्याल र नीलगिरि पशुपन्छी तथा कृषि व्यवसाय मुस्ताङका सञ्चालक भूपेन्द्र शेरचन सम्मानित भए । प्रदेश उत्कृष्ट कृषि पुरस्कार राशि जनही नगद रु ३२ हजार र सम्मानपत्र रहेको मन्त्रालयका सूचना अधिकारीसमेत रहेका पशु चिकित्सक डा. राजेशकुमार चौधरीले जानकारी दिए ।

कृषिमन्त्री कार्कीले कृषि क्षेत्रलाई प्रदेशको आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको बताए । 'कृषि उत्पादनलाई बजारसँग जोड्दै व्यावसायिक, प्रतिस्पर्धी र आत्मनिर्भर कृषि प्रणाली विकास गर्न प्रदेश सरकारले कृषकलाई प्रोत्साहन गर्दै आएको छ । उत्कृष्ट काम गर्ने कृषकलाई सम्मान गर्दा किसानको हौसला बढ्नुका साथै अन्यलाई पनि आधुनिक र व्यावसायिक खेतीतर्फ आकर्षित हुन सहयोग पुग्छ,' उनले भने ।

मन्त्रालयका सचिव डा. प्रेरणा सेढाईं भट्टराईले कृषिमा नवप्रवर्तन, यान्त्रिकीकरण, आधुनिक प्रविधिको प्रयोग र उत्पादन वृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउने कृषक तथा कृषि फार्मलाई प्रोत्साहन गर्न पुरस्कार वितरण गरिएको बताइन् । उनले भनिन्, 'सम्मानले कृषि क्षेत्रमा सकारात्मक प्रतिस्पर्धाको वातावरण सिर्जना गर्नुका साथै उत्पादन वृद्धि, रोजगारी सिर्जना र ग्रामीण अर्थतन्त्र सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ ।'

## सिटिजन्स बैंकद्वारा दृष्टिविहीनका लागि ब्रेल शैक्षिक सामग्री सहयोग



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेश, बर्दिया जिल्लाको बाँसगढी नगरपालिका ५ अवस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा अध्ययनरत दृष्टिविहीन विद्यार्थीहरूलाई आवश्यक ब्रेल शैक्षिक सामग्री प्रदान गरेको छ ।

उक्त सहयोग बैंकको बढैयाताल शाखा मार्फत गरिएको छ । वि.सं. २०४५ मा स्थापना भएको उक्त सामुदायिक विद्यालयमा करिब १,२०० विद्यार्थी अध्ययनरत रहेका छन् । जसमध्ये २० जना दृष्टिविहीन विद्यार्थीहरूले ब्रेल सामग्रीको सहायताबाट अध्ययन गर्दै आएका छन् । विद्यालयमा आवश्यक ब्रेल सामग्रीको अभावका कारण विद्यार्थीहरूको अध्ययन-अध्यापनमा कठिनाइ भइरहेको अवस्थालाई मध्यनजर गर्दै बैंकले आफ्नो सहयोग उपलब्ध गराएको छ ।

विद्यालयमा आयोजित एक समारोहका बीच बैंकले विद्यालयमा अध्ययनरत दृष्टिविहीन विद्यार्थीहरूलाई आवश्यक गुणस्तरका ब्रेल पेपर, ए-ग्रेड ब्रेल स्टाइलस, ए-ग्रेड इन्टरपोइन्ट ब्रेल स्लेट, स्कुल झोला र जेएडब्लूएस सफ्टवेयर कम्प्युटर लगायत आवश्यक शैक्षिक सामग्री वितरण गरेको छ । आगामी दिनमा पनि बैंकले संस्थागत सामाजिक उत्तरदायीत्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्ने योजना रहेको विषय जानकारी गराएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६९ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ४२ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरूबाट २० लाख ४२ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ ।


## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक